म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १२३ बुधबार २७ मंसिर २०८० ने. सं. ११४४ थिल्लाथ्व 13 December 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## थानाभऱ्याङबाट दुई महिला पक्राउ

हेटौंडा, २६ मंसिर/जिल्ला प्रहरी कार्यालय मकवानपुरले हेटौंडा उपमहानगरपालिका-११ थानाभऱ्याङबाट लागुऔषध गाँजा सहित दुईजना महिलालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा ताप्लेजुङ घर भई सर्लाही मलंगवा नगरपालिका-४ डेरा गरी बस्ने ३० बर्षीया मनिषा लिम्बु र सोही स्थान बस्ने ३९ बर्षीया शान्ति लिम्बु रहेका छन् । पूर्वपश्चिम राजमार्ग अन्तर्गत काठमाडौंबाट महोत्तरी गौशालातर्फ जाँदै गरेको बा.प्र.०१-००६ ख ४४८९ नम्बरको बसलाई चेकजाँच गर्दा बसमा सवार लिम्बु महिलाद्वयको साथबाट १४ किलो ९०० ग्राम लागुऔषध गाँजा बरामद गरिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडा, सञ्चार शाखाले जानकारी दिएको छ । शाखाका अनुसार उनीहरु हेटौंडा उपमहानगरपालिका-१९ नेवारपानीबाट दुईवटा कालो झोला लिएर बसमा आएका थिए । अस्थायी प्रहरी पोष्ट थानाभऱ्याङको टोलीले चेकजाँच गर्ने क्रममा उनीहरुलाई लागुऔषध सहित पक्राउ गरेको हो । लागुऔषध सहित दुबै महिलालाई नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान गरिरहेको जिप्रका मकवानपुरले जनाएको छ ।

# मेला, महोत्सवमार्फत् व्यापार र मनोरञ्जनमा झुम्दै मकवानपुर

सरला खनाल

हेटौंडा, २६ मंसिर/ आर्थिक मन्दीको चपेटामा रहेको व्यापार व्यवसायमा चहलपहल बढाउने र मनोरञ्जन गर्ने लहर चलेको छ । थाहानगरमा आयोजना भएको थाहा महोत्सव आज मंगलबारदेखि सकिएको छ । पुसको पहिलो साता बसपार्कमा वडा कार्यालयको मेला र खेलकुद विकास समितिको खेलकुद तथा व्यापार मेला हुँदैछ । हुन त यतिबेला देशभर मेला महोत्सवको सिजन चलेको छ ।



मेला/महोत्सव भनेको उत्पादक र उपभोक्ताको सीधा सम्पर्क हुने माध्यम हो । तर, नेपाली समाजमा यसलाई सही रुपमा उपयोग गर्न सकिएको छैन । युरोपमा हरेक वर्ष यस्ता व्यापार मेला आयोजना गरिन्छ जुन फरकफरक देशमा हुन्छ । स्यान्जेन मुलुकमा एक वर्ष मेला आयोजना गरेपछि तीन दसकपछि मात्र त्यो देशले महोत्सव आयोजना गर्ने पालो पाउँछ । महोत्सव व्यवस्थापन गर्ने कम्पनीले आगामी वर्ष कुन देशमा हुने भन्ने घोषणा चालु वर्षमै गरेको हुन्छ ।

हाम्रो छिमेकी देश भारतमा पनि फरकफरक बिधाका महोत्सवहरु फरकफरक सहरमा आयोजना गर्ने गरिएको छ । उदाहरणका लागि भारतको कुनै सहरमा मेशिनरीको मेला/महोत्सव भयो भने अर्को सहरमा अटोको महोत्सव आयोजना गरिन्छ । तर, हाम्रो समाजमा यस्तो अवस्था छैन । धेरै मेला/महोत्सवहरु नक्कलको रुपमा दोहोरिन्छन् । बिगतका दिनमा मेला/महोत्सवको महत्व धेरै थियो तर, आजभोलिका मेला/महोत्सवको आकर्षण कम हुँदै गएको छ । दर्शक वा उपभोक्ताले मेला/महोत्सवलाई सामान्य रुपमा लिन थालेका छन् ।

स्थानीय घरेलु उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्य सहित हेटौंडा-१० बसपार्कमा पुसको २ र ३ गते मेला सञ्चालन हुने भएको छ । हेटौंडा उपमहानगरपालिका-१० नम्बर वडा कार्यालयको आयोजनामा हुने घरेलु उत्पादन तथा नृत्य प्रतियोगिता सञ्चालन हुने भएको हो । मंगलबार वडा कार्यालयले पत्रकार सम्मेलन गरी उपमहानगर क्षेत्रका १९ वटै वडामा भएको उत्पादनलाई नगरवासी माझ जानकारी गराउँदै प्रवर्द्धन गर्ने उद्देश्यअनुसार मेला सञ्चालन गर्न लागिएको जनाएको छ ।

स्थानीय उत्पालनलाई प्रवर्द्धन गर्ने, उत्पादित बस्तुको बजारीकरण गर्ने र स्वरोजगार सिर्जनामा सहयोग पुऱ्याउने उद्देश्यले प्रदर्शनी आयोजना गरिएको पत्रकार सम्मेलनमा वडाअध्यक्ष फुर्वादोर्जे लामाले जानकारी दिए । उनका अनुसार प्रदर्शनीमा स्थानीय जातजातिका भेषभूषा झल्कने नृत्य प्रस्तुत गर्दै संस्कृति संरक्षणमा सहयोग पुऱ्याउने लक्ष्य रहेको छ । दुई दिनसम्म सञ्चालन हुने प्रदर्शनीमा उपमहानगरका १९ वटा वडाको उत्पादन झल्काउका लागि ३० वटा स्टल सहित यस क्षेत्रका कलाकारको नृत्य प्रस्तुत हुने बताइएको छ ।

प्रदर्शनीको पहिलो दिन उद्घाटन सहित स्थानीय उत्पादनको बजारीकरण र दोश्रो दिन सास्कृतिक कला सहितको नृत्य प्रतियोगिता गरिने वडाअध्यक्ष लामाले जानकारी दिए । प्रदर्शनीमा नि:शुल्क स्टल र नृत्य प्रतियोगितामा सहभागिता खुल्ला गरिएको छ । नृत्य प्रतियोगिता सहभागी हुनेलाई वडा कार्यालयले पुरस्कारको व्यवस्था गरेको छ । प्रतियोगितामा सहभागीमध्य पहिलो हुनेलाई ५० हजार, द्वितीय हुनेलाई ३५ हजार तृतीय हुनेलाई ३० हजार र सान्त्वना पुरस्कारस्वरुप ४ जनालाई ५/५ हजार रुपैयाँ पुरस्कारको व्यवस्था गरिएको वडा कार्यालयले जनाएको छ ।

प्रदर्शनी मेला तथा सास्कृतिक कार्यक्रमलाई सफल बनाउनका लागि वडा कार्यालयले ६ वटा उपसमिति बनाएको छ । वडा कार्यालयले चालु आर्थिक बर्ष २०८०/८१ मा छुट्याएको ५ लाख रुपैयाँबाट कार्यक्रम गर्न लागिएको जानकारी दिइएको छ । वडा कार्यालयको आयोजनामा हुने प्रदर्शनी मेलामा टोलविकास संस्था नगर समन्वय समिति, टोलविकास संस्था वडासमन्वय समिति, मकवानपुर उद्योग वाणिज्य संघ, जाल्पादेवी महिला उद्यमी समूह, स्थानीय क्लव, टोल विकास सस्था, आमा समूह र विद्यालयहरुसँग सहकार्य रहने बताइएको छ ।

### खेलकुद महोत्सवप्रति खेलका संघ उत्साही

जिल्लाको खेलकुद क्षेत्रको विकासका लागि यही पुष ५ गतेबाट आयोजना हुन लागेको बृहत् खेलकुद तथा व्यापार महोत्सवप्रति मकवानपुरका खेलकुद संघका पदाधिकारी एवम् खेलाडीहरु उत्साही बनेका छन् । तर, मकवानपुर उद्योग वाणिज्य संघमा आबद्ध बस्तुगत संघहरुले भने खेलकुद महोत्सवमा खेलसम्बन्धी बिधा मात्र समाबेश गर्न र ब्यापारिक कारोबार नगर्न दबाब दिएका छन् । खेलकुद विकास समितिले आफ्नो क्षेत्राधिकारको काम मात्र गर्न बस्तुगत संघहरुले दबाब दिएका हुन् ।

खेलकुद विकास समितिमा आबद्ध विभिन्न संघका पदाधिकारी तथा खेलाडीले मंगलबार महोत्सव आयोजना स्थल टिसिएन चौरको सरसफाई गरेका छन् । खेलकुद र खेलाडीको हितको लागि आयोजना गर्न लागिएको महोत्सव सफल बनाउन सबै एकजुट रहेको उनीहरुको भनाई रहेको छ । उनीहरुले चौरको झाडी तथा फोहोर सरसफाई गरेका हुन् । नितान्त खेल क्षेत्रको विकासका लागि आयोजना हुन लागेको महोत्सवका लागि सबै खेलकर्मी र जिल्लाबासीले सहयोग गर्नु जरुरी रहेको धारणा आयोजकको छ ।

एकातिर बिरोधको स्वर गुञ्जायमान हुँदै जाने आयोजकले तयारी गर्दै जाने अवस्था आयो भने महोत्सवको उद्देश्य पुरा नहुन पनि सक्छ । यो बिषयमा आयोजकले बेलैमा ध्यान पुऱ्याउनु जरुरी छ । मउवासंघ अन्तर्गतका बस्तुगत संघका प्रतिनिधिसँग छलफल गरी सबैले सहयोग गर्ने वातावरण सृजना गर्नु जरुरी छ । खेलकुद महोत्सव हो भनिरहँदा यसले गर्ने गतिबिधिको पारदर्शीता पनि दर्शक वा उपभोक्ताले खोजी गर्छन् भन्ने कुरा आयोजकले हेक्का पुऱ्याउनु पर्छ ।

मकवानपुरको खेलकुदको विकासमा लागि केही रकम जोहो गरौं भन्ने पवित्र उद्देश्यले महोत्सव गर्न लागेका आयोजकले जनाएको छ । महोत्सवमा राष्ट्रिय, प्रदेश तथा स्थानीय गरी १३ वटा विभिन्न विधामा खेलकुद प्रतियोगिता हुने बताइएको छ । महोत्सवमा महिलाको राष्ट्रिय उसु प्रतियोगिता, महिलाकै राष्ट्रिय भलिबल, कबड्डीतर्फ महिला पुरुष दुवै विधाको प्रदेशस्तरीय प्रतियोगिता हुने आयोजकले जनाएको छ ।

यस्तै कराँतेको जिल्ला स्तरीय प्रतियोगिता, फुलकन्ट्याक्ट कराँतेको जिल्लास्तरीय, आर्चरीको खेल प्रदर्शन, रेस्लिङको आमन्त्रित र कुस्तीको अन्तर्राष्ट्रिय प्रदर्शन गर्ने आयोजकको तयारी छ । ब्याड्मिन्टनको खुला प्रतियोगिता, आइटीएफ तेक्वान्दो र हक्कीको प्रदेशस्तरीय प्रतियोगिता र महिलाको लागि ७ 'ए' साइड फुटबल प्रतियोगिता गर्ने आयोजकले जानकारी दिएको छ । सबै प्रतियोगिताको विजेता उपविजेताले नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । खेलकुद महोत्सवबाट कम्तिमा २५ लाख रुपैयाँ खेलकुद विकास समितिले बचत गर्ने लक्ष्य राखेको छ ।

महोत्सवबाट प्राप्त हुने रकम खेलकुद समितिमै राखेर खेल र खेलाडीको बृत्तिविकासमा लगाउने योजना रहेको बताइएको छ । महोत्सवमा खेलकुदको स्पर्धासँगै कृषि, पर्यटन, हस्तकला, खेलकुद सामग्री, धार्मिक, सामुदायिक, स्वास्थ्य, जनचेतनामूलक, खानाखाजाका स्टल समेत रहनेछ । यस्तै बालउद्यान, राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती, खुला नृत्य प्रतियोगिता र लाइभ दोहोरी आयोजना हुने बताइएको छ ।

# अख्तियार हेटौंडामा चार महिनाभित्रै ९ सय वटा उजुरी

साझाकुरा संवाददाता

हेटौंडा, २६ मंसिर/ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडामा चालु आर्थिक वर्षको पहिलो चौमासिकमा विभिन्न माध्यमबाट ९ सय ४ वटा उजुरी परेको छ ।

अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका ८ सय ८० सहित एक हजार ७ सय ८४ उजुरी परेको हो । यो संख्या कार्तिक मसान्तसम्मको हो । अख्तियारको कार्यालय हेटौंडाले गत आवको १७८ र चालु आवको ३ सय १० सहित ४ सय ८८ उजुरी फछ्र्यौट गरेको छ भने एक हजार २ सय ९६ उजुरी फछ्र्यौट गर्न बाँकी रहेको सूचना अधिकारी गोविन्दप्रसाद गौतमले जानकारी दिए । अख्तियारको कार्यालय हेटौंडाका अनुसार राजस्व हिनामिनासम्बन्धी ६ सय ७५ उजुरी परेकोमा १ सय ५३ वटा उजुरी फछ्र्यौट भएको छ ।

अख्तियारको कार्यालय हेटौंडामा गत आवबाट सरेर आएको र यस आवको उजुरी सबैभन्दा धेरै बारा र कम रसुवा जिल्लाको परेको छ । तथ्याङ्क अनुसार बाराको ५ सय ८, रौतहटको ४ सय ८, पर्साको ३ सय ५८, मकवानपुरको ३ सय २०, चितवनको १ सय ४२ उजुरी परेको छ ।

यसैगरी, धादिङको १५, दोलखाको ९, नुवाकोटको ९, काभ्रेपलाञ्चोकको ९, सिन्धुपाल्चोकको ५, रामेछापको ४ र रसुवाको ३ वटा उजुरी रहेको अख्तियार कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

कुल उजुरीमध्ये गैरकानुनी लाभहानी सम्बन्धी ४ सय २४ उजुरी परेकोमा १ सय ९, सार्वजनिक खरिद निर्माण सम्बन्धी ३ सय ३२ उजुरी परेकोमा ७८, विविध २ सय २१ उजुरी परेकोमा ९६ उजुरी फछ्र्यौट भएको हो । त्यस्तै भूमि सम्बन्धी ९१ उजुरी परेकोमा २६, गैरकानुनी सम्पत्ति सम्बन्धी २० उजुरी परेकोमा १४, शैक्षिक प्रमाणपत्र सम्बन्धी १६ उजुरी परेकोमा ९, घुस/रिसवत सम्बन्धी ५ उजुरी परेकोमा ३ वटा उजुरी फछ्र्यौट भएको सूचना अधिकारी गौतमले जानकारी दिए ।

त्यस्तै स्थानीय तह (संघीय मामला) को ९ सय ९७ उजुरी परेकोमा २ सय ५७ फछ्र्यौट भएको छ । स्थानीय तह (शिक्षा) ३ सय १२ उजुरी परेकोमा ८३, प्रदेश भौतिक पूर्वाधार विकास (भौतिक पूर्वाधार र यातायात मन्त्रालय मात्र) को १ सय ९ उजुरी परेकोमा २६, भूमि व्यवस्था सहकारी तथा गरिबि निवारणको ९६ उजुरी परेकोमा ३२ र प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरणको ५९ उजुरी परेकोमा १९ वटा उजुरी फछ्र्यौट भएको छ भने अन्य २ सय ११ उजुरी परेकोमा ७१ उजुरी फछ्र्यौट भएको तथ्यांक छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

मेला हेर्न हेटौंडा आऔं

बृहत खेलकुद तथा व्यापार महोत्सव २०८०

पौष ५ गते देखि पौष १७ गतेसम्म
हेटौंडा-१०, टीसीएन चौर

स्टल बुकिङका लागि
९८५५०६८८७३, ९८५१०५३८०१

मुख्य आकर्षणहरु :

-विभिन्न १३ विधामा जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता
-दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती
-चर्चित लोक गायक/गायिकाद्धारा लाइभ दोहोरी
-खुल्ला नृत्य प्रतियोगिता
-परम्परागत तथा जिल्लाको संस्कृति झल्किने गरी जात जातिहरुको भेषभुषाको झाकी एवं कला प्रदर्शन ।
-अटोमोबाइल प्रदर्शनी,
-लत्ता कपडा तथा भाँडाकुँडा प्रदर्शनी,
-अन्तराष्ट्रिय स्तरको बाल उद्यान(रोटे पिङ, ड्रयागन, मारुती सर्कस, ब्रेक डान्स, भुत घर, चिडिया घर र बच्चाहरुको खेलौना)
-राष्ट्रिय तथा स्थानिय खानाको प्रदर्शनी,

दैनिक विभिन्न खेलकुद प्रतियोगिता
खेल स्रष्टा सम्मानित

प्रवेश शुल्क
विद्यार्थी :रु ५०
सर्वसाधारण : रु७०



मुख्य आयोजक
मकवानपुर जिल्ला खेलकुद विकास समिति हेटौंडा

आयोजक
औद्योगिक शान्ति नेपाल संस्था

साझाकुरा

## हाम्रो कुरा

# रेलवेले जगाएको आशा

नेपालमा केही पनि हुन सकेन, नेताहरु सत्ताप्राप्तीको लागि लडाईं, झगडा मात्र गरिरहे । देशको विकास हुन सकेन भनेर लाखौं युवा विदेश पलायन भइरहेका छन् । नेपालमा सम्भावना नदेखेर युवा पलायन भइरहेको समयमा नेपालको रेल बिभागले निजगढ-हेटौंडा-भरतपुर खण्डको बिस्तृत डिजाईन कार्य अन्तिम चरणमा पुगेको जनाएपछि आशा जागेको छ । नेपाल सरकारले २०६७ सालमा रेलवे बिभागको स्थापना गरेपछि धिमा गतिमै भएपनि काम गरिरहेको जानकारीमा आएको छ । मेची-महाकाली द्रुत विद्युतीय रेलमार्गको काम बिभिन्न खण्डमा बिभाजन गरेर यसको बिस्तृत डिजाइनको काम भइरहेको बिभागले जनाएको छ । निजगढ-हेटौंडा-भरतपुर खण्डमा यात्रु स्टेशन ५ वटा रहेन प्रारम्भिक अध्ययनमा देखिएको छ । सिग्नल स्टेशन ९ वटा रहने रेलमार्गको केन्द्रबिन्दुबाट २५-३० मिटर दायाँबायाँ राइट अफ वे रहने बताइएको छ ।

यात्रु स्टेशनका लागि एकसय ६० मिटर चौडाई र एक सय ७० मिटर लम्बाई भएको जमिनको आवश्यकता पर्ने बताइएको छ । अधिकतम् गति एक सय ८० किलोमिटर प्रतिघण्टाको रहनेगरी रेलमार्ग निर्माण गरिने प्रारम्भिक अध्ययनले देखिएको छ । हाल ब्रोडगेजको सिंगल लाइन निर्माण गरिने तर, आवश्यकताका आधारमा भबिश्यमा डबल लाइन निर्माण गरिने गरी अध्ययन भइरहेको फुलब्राईट कन्सलटेन्सी प्रालिले जनाएको छ । प्रालिका अनुसार वातावरणीय प्रभाव मूल्यांकनको प्रतिबेदन तयारीका लागि कुनै गुनासो भए सोको जानकारी दिनका लागि सर्वसाधारणमा सूचना पनि गरिएको छ । बाराको निजगढ नगरपालिकाको वडा नं. ३, ४, ५, १०, ११, १३ र जीतपुर सिमरा उपमहानगरपालिकाको २२ नं वडामा निर्माण गरिने रेलवे लाइनका लागि स्थानीय सरोकारवालाबीच छलफल भइरहेको कन्सल्टेन्सीले जानकारी दिएको छ । हेटौंडा उपमहानगरको वडा नं. ८, ९, १२, १३, १४, १५, १६, मनहरी गाउँपालिकाको वडा नं.३, ५, ६, ८, ९ मा रेलवे लाइन निर्माण हुनेछ । त्यस्तै चितवनको राप्ती नगरपालिकाको वडा नं. १, २, ३, ६, खैरहनी नगरपालिकाको वडा नं. ५, ७, १०, रत्ननगर नगरपालिकाको वार्ड नं. ४, ५, ९ र भरतपुर महानगरको वार्ड नं. ४, ५, ७, ८, १६ मा रेलवे निर्माण गेर्न प्रस्ताव गरिएको छ । चितवन राष्ट्रिय निकुञ्जको टिकौली जंगलको ४ किमि क्षेत्रमा कसरी अगाडि बढ्ने भन्ने बिषयमा पनि छलफल भइरहेको बताइएको छ ।

हेटौंडा-१६ र जीतपुर सिमरा उपमहानगरको २२ नं. वडाको बीचमा पर्ने चुरे पहाडमा करिव ७ किमि सुरुङमार्ग निर्माण गरी रेलवे लाइनले बारा र मकवानपुर जोड्ने गरी अध्ययन अगाडि बढाइएको छ । नेपाल सरकारको प्रचलित नियम कानून अनुसार रेलवे आयोजनाले स्थानीयमा पर्नसक्ने सामाजिक, सांस्कृतिक, वातावरणीय प्रभावका बारेमा पनि अध्ययन गरी प्रतिबेदन तयारी गर्ने कार्य भइरहेको कन्सल्टेन्सीले जनाएको छ । यसका लागि हेटौंडा उपमहानगरपालिका र मनहरी गाउँपालिकामा सरोकारवालाबीचमा सार्वजनिक सुनुवाई पनि आयोजना गरिने छ । स्थानीयले सार्वजनिक सुनुवाइका क्रममा आफ्नो समस्या वा गुनासोहरु निर्धक्कसँग राख्न सक्ने बताइएको छ । रेलवे परियोजनाका लागि निजगढ-हेटौंडा-भरतपुर खण्डमा निजी जग्गा करिब ४ सय हेक्टर अधिग्रहण गर्नुपर्ने देखिएको छ । सरकारी जमिन वा जंगल क्षेत्र करिब ७ सय हेक्टर र खोला, खहरे, नदीबगर आदि ४० हेक्टर जग्गा आवश्यक देखिएको प्राबिधिकहरुले बताएका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० मंसिर २८ गते बिहीबार, १४ डिसेम्बर २०२३ । द्वितीया, मार्ग शुक्लपक्ष । थिलाथ्व ११४४ ने.सं. । सूर्योदय ६:४७, सूर्यास्त ५:०८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मित्रसंग विवाद हुनसक्नेछ | **तुला** | : विवाद हुन सक्ने |
| **वृष** | : धन खर्च हुनेछ | **वृश्चिक** | : मनलाई नियन्त्रण गर्नुपर्नेछ |
| **मिथुन** | : भेटघाटमा समय बित्नेछ | **धनु** | : आफन्तको सहयोग मिल्नेछ |
| **कर्कट** | : सम्पत्तिको खचपच हुनेछ | **मकर** | : यात्राको लागि राम्रो समय छ |
| **सिंह** | : सुखभोगको समय रहेकोछ | **कुम्भ** | : सोचेजस्तो सहयोग मिल्नेछैन |
| **कन्या** | : आर्थिक लाभ मिल्नेछ | **मीन** | : समय पूजापाठमा बित्नेछ |

# ‘नायक’ खोजिरहेको जमात र विषाक्त राजनीति



मेखराज उदय

एलेजांद्रो जोडोरीव्स्कीको एक रचना भन्छ- ‘बर्डस् बर्न इन ए केज थिंक लाइङ इज एन इलनेस ।’ (पिंजडामा जन्मिएको पक्षी सोच्दछ कि उड्नु एक बिमारी हो ।)

फ्रेन्च फिल्म डाइरेक्टर, स्क्रिप्ट राइटर, अभिनेता, पटकथाकार तथा संगीतकार जोडोरीव्स्की यथार्थवादी कथामा आधारित फिल्म निर्माण गर्ने निर्देशकका रूपमा विख्यात छन् । प्रस्तुत उद्धरण उनको गीतको एक अंश हो ।

हामी कुन राजनीतिक, सामाजिक-सांस्कृतिक र आर्थिक हैसियत एवं मनोविज्ञानमा बाँचिरहेका छौं ? ठूला भनिएका क्रान्ति, जनआन्दोलन, विद्रोह आदिद्वारा स्थापित राज्यसत्ता, शासन व्यवस्था, प्रणाली, नीति एवं नेतृत्व विरुद्ध जनआक्रोश बढ्दै गइरहेको देखिन्छ । असन्तुष्टि, वैराग्यता, हीनता, छटपटी, अन्योलता, भरोसा विहीनता, अविश्वासको पहाड अग्लिदैछ ।

जनतामा पुन: परिवर्तनको महसुस हुनुलाई सामान्य वा स्वाभाविक प्रक्रिया मान्न सकिन्छ । असन्तुष्टि नै मानव विकास र उन्नतिको आधार हो । विज्ञान र मानव चेतनाले सधैं खोज, अनुसन्धान, थप प्रगति, विकल्प निरन्तर खोजिरहन उत्प्रेरित गरिरहन्छ । निरन्तर प्रश्न गरिरहनु उन्नतिको बाटो हिंड्नु हो ।

### तत्कालीन समस्याको उचाइ

गणतन्त्र, लोकतन्त्र, संघीयता अर्थात् वर्तमान व्यवस्थाले रोजगारी सृजना किन गरेन ? समानता, शान्ति, समृद्धि, विकास, विभेदहरूबाट मुक्ति, न्याय, अवसर, नि:शुल्क र सर्वसुलभ शिक्षा तथा स्वास्थ्य सेवा, जनताको हित र संरक्षण गरेको छ ? छैन भने, गर्न नसक्नाका कारण के हुन् ?

नेताको परिवार, आसेपासे दैनिक प्रगतिपथमा उचाइ चढिरहेका छन् भने सर्वसाधारण जनताको दैनिकी झन्-झन् कष्टसाध्य बन्नुको खास कारण के हो ? जनता र नेता वा नेताका परिवारबीच आकाश-जमिनको असमानता कसरी देखापर्‍यो ? सरकार, सरकारमा सहभागी मुख्य दल, संसद् र प्रतिपक्षी दलले जनताको प्रश्नको जवाफ दिनु अनिवार्य छैन ? पक्कै पनि अनिवार्य छ ।

सवाल उठाउनु स्वाभाविक छ । कुनै एउटा खोजको पूर्णता प्राप्त गरेपछि सन्तुष्ट भई बसिरहने मानवको स्वभाव भएको भए, आज विश्व विज्ञान प्रविधि, आर्थिक, सामाजिक क्षेत्रमा चामत्कारिक प्रगतिको युगसम्म आइपुग्ने नै थिएन । यसका पर्याप्त उदाहरण पेश गर्न सकिन्छ ।

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको डेढ दशक पूरा भइसकेको छ । संविधान निर्माणको समेत आठ वर्ष पूरा भयो । जनआन्दोलन, परिवर्तन, संविधानसभाको गठन, संविधानको घोषणा आदि पृष्ठभूमि तथा परिघटनाहरूमा प्रमुख भूमिका खेलेका नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी आदि प्रमुख दलहरू नै निरन्तर सत्ता र शक्तिमा छन् ।

यी तीन दलका प्रमुख नेता पालैपालो राष्ट्रपति, सरकारप्रमुख प्रधानमन्त्री बने । त्यस्तै ती दलका नेता नै संसद् आदि संवैधानिक अंगका प्रमुख, प्रदेश मुख्यमन्त्री छन् । विडम्बना व्यवस्थाको पन्ध्रवर्षे लक्का जवान कालसम्म पनि शासकीय व्यवहार लोकतान्त्रिक, समावेशी र विधि अनुरूप चल्न सकेन । जनताका कतिपय संवैधानिक हक समेत लत्याइए, कार्यान्वयन हुनसकेका छैनन् ।

संघीयता विरुद्ध षड्यन्त्र तथा घाँटी निमोठ्ने कार्य अद्यापि जारी छ । गणतन्त्रमा समेत उही दलपतिको हुकुमी शासन, गुटको षड्यन्त्र, भ्रष्टाचार, परिवारवाद, अकुत सम्पत्ति, सत्ता र शक्तिको अटुट मोह एवं नश्लवाद र जातीय उच्चताको अहंकारी राजनीति, स्वार्थको द्वन्द्वमा रत्तिभर परिवर्तन देखा परेन । दलका बेरोजगार नेता व्यवस्थापन गर्न सहज बनेको बाहेक संघीय शासनको औचित्य पुष्टि हुन दिइएन ।

पुराना दलका पुरातन दलपतिको एकात्मक र उच्च जातिवादी मानसिकता, कर्मचारी तन्त्रको असहयोग इत्यादि संघीयता कार्यान्वयनमा देखिएका जटिलताका मूलभूत कारण हुन् । संघीयता कार्यान्वयनमा ऐन, कानुन बनाउन संघीय (केन्द्रीय) सरकार, संसद् गैरजिम्मेवार र अक्षम देखिए । बरु हाल संघीयता खारेजीको माग जबर्जस्त हाबी हुन थालेको छ ।

### नायकको खोजी र निराशा

चामत्कारिक ढंगले देश र जनताको (निरपेक्ष होइन, सापेक्षतामा र स्वार्थ अनुकूल) यावत् समस्याको एक्लै समाधान गर्न सक्ने योग्य नायक (पुरुष) को व्यग्रतापूर्वक खोजी भइरहेको छ । वर्तमान व्यवस्था संघीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता आदिलाई एक्लै गल्र्यामगुर्लुम ढलाएर पुरानै राज्य व्यवस्था ल्याइदिन सक्ने योग्य नायकको तृष्णा पुरातन शक्तिको मस्तिष्कमा रहेको कल्पनाको पटकथाको पात्र हो ।

त्यस्तो नायकको खोजीका क्रममा मिलेको पहिलो सफलता भने काठमाडौं महानगर पालिकाको मेयरमा स्वतन्त्र उम्मेदवार बालेन शाहको विजयलाई मान्नुपर्ने हुन्छ । गत वर्ष सम्पन्न गरिएको संघीय तथा प्रदेश सभाको संयुक्त निर्वाचनमा मेयर शाहले प्रतिनिधिसभा सदस्यका उम्मेदवारलाई मात्रै मतदान गरी प्रदेश सभा सदस्यका कुनै पनि उम्मेदवारलाई मतदान नगर्नु र प्रदेश तहको बहिष्कार गर्ने हर्कतले नायक खोज्न हिंडेका अराजक जमातलाई बहुत खुसी तुल्याएको थियो । बेलाबखत देखापर्ने उनका गैरसंवैधानिक समेतका कथित राष्ट्रवादी काम, स्टन्टबाजी र हिरोपन्थी व्यवहार प्रदर्शनबाट एक जमात खुब हर्षोल्लासपूर्ण मनस्थितिमा देखिने गरेका छन् ।

खासमा नायकको खोजी अभियान बालेन्द्र शाह, रवि लामिछाने, एमाले अध्यक्ष केपी ओली, पूर्व कमरेड तथा व्यवसायी दुर्गा प्रसाईं हुँदै हाल पूर्व राजा ज्ञानेन्द्र शाहसम्म आइपुगेको छ । कथित धार्मिक अतिवादी, नश्लीय जातिवादी, पश्चगामी, दरबारका रैती आदि अराजक जमातका लागि नायक नै खोज्ने हो भने अढाइ शताब्दी शासन गरेको ‘लिगेसी’ बोकेका पूर्व राजपरिवार सबैभन्दा उपयुक्त हुने उनीहरूको ठहर छ ।

उसो त पूर्व राजा ज्ञानेन्द्र शाह वा राजपरिवारका कुनै सदस्यबाट हालसम्म प्रत्यक्ष रूपमा राजतन्त्र पुनर्स्थापना निमित्त औपचारिक अपील वा इच्छा राखी सार्वजनिक आह्वान गरेको ज्ञात छैन । तथापि अप्रत्यक्षत: राजतन्त्र पुनर्स्थापना निम्ति ज्ञानेन्द्रको महत्वाकांक्षा बढेको तथ्यमा देखापर्छ । राजावादी दल राप्रपाको आन्तरिक राजनीतिमा हस्तक्षेप गरेको, राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन, रवीन्द्र मिश्र र दुर्गा प्रसाईंसम्मलाई भेट गर्ने गरेका जस्ता विवादित कार्य भने हुँदै आइरहेका छन् ।

केही समयअघि ज्ञानेन्द्र शाहले भारत उत्तरप्रदेशका मुख्यमन्त्री अजय सिंह बिष्ट (योगी आदित्यनाथ) सँग हात जोडेर झुक्दै अभिवादन गरेको तस्वीर सार्वजनिक भएका थिए ।

नेपालका पूर्व राजा ज्ञानेन्द्र शाह योगी आदित्यनाथसँग विनयपूर्वक झुक्नुको धार्मिक कारण छन् । हिन्दु धर्म मनुस्मृति अनुसार ‘क्षत्री ९० वर्षको किन नहोस् दश वर्षको ब्राह्मणको अगाडि झुक्नुपर्दछ ।’ अत: आफ्नै विवेकहीन, मूर्खतापूर्ण कदम आदि समेत कारणले गुमाउन बाध्य पारिएको सत्ता विरासत पुन: प्राप्तिको मनोकांक्षा असम्भव भएतापनि उनको मनमा आशा जाग्न थालेको हुनसक्ने सामान्य छनक भने बेलाबखत उनले दिने गरेका छन् ।

गोर्खाली राजा भनेर परिचित पृथ्वी नारायण शाहवंशको शासन नेपालमा करिब १४० वर्ष चल्यो । उनीहरू नेपालमा कहाँबाट आए ? उनीहरूको वंश, शासनको पृष्ठभूमि र आधार के हुन् भन्ने सम्बन्धमा धेरै तथ्यहरू अस्पष्ट छन् । खस राजाको उपाधि प्राप्त गरेतापनि शाह थर वा उपाधि कहाँबाट प्राप्त गरे ? यो प्रश्न समेत अनुत्तरित नै छ ।

शाह थर वा उपाधि हिन्दु जातिको नभई मुस्लिम राजवंशको थर, उपाधि हो । राजा राम शाहको पालामा लेखिएको गोर्खा राजवंशावली बमोजिम शाह वंशका पुर्खाहरू भारतको चितौड गढ राज्यबाट मुस्लिम आक्रमणबाट बच्न नेपाल पसेका थिए ।

त्यसअनुसार भूपाल राणा जी राव र उनका छोराहरू हरिहर सिंह र अजय सिंह नेपाल पसेका थिए । तर चितौड गढका राजा गुहिलवंशी सिसोदियाहरूको गोत्र वैशम्पायन हो । यता नेपालका शाह वंशको गोत्र भारद्वाज भएतापनि पछि पृथ्वीनारायणले काशीमा गई भारतीय पण्डितहरूद्वारा आफ्नो गोत्र गरिवर्तन गरी कश्यप बनाएका थिए ।

वर्णन अनुसार चितौड गढका राजा भट्टारक ऋषिराज राणाजीका ३३औं वंशका राजा भूपति राणाजीका उदयरस, फत्तेसिंह र मनमथ नामका तीन छोरा थिए । फत्तेसिंहकी छोरी अत्यन्त रूपवती थिइन् । ती सुन्दरीलाई हरण गर्ने उद्देश्यले मुसलमानहरूले चितौड गढमा भीषण आक्रमण गरे ।

फत्तेसिंहकी सुन्दरी कन्याका लागि चितौड गढलाई ध्वस्त पारिदिएपछि मनमथ बाहेक सबै मारिए । जीवित रहेका मनमथले उज्जैनमा शरण लिएर ज्यान जोगाए । त्यहीं उनका दुई छोराहरूको जन्म भयो, ब्राह्मणिक र भूपाल ।

ती दाजुभाइबीच आपसी मेल नभएका कारण भड्किएका भूपाल मुसलमानहरूको भयले उत्तरतर्फ पार्वत्य अञ्चलमा प्रवेश गरे । तिनै भूपालका सन्ततिलाई हाल नेपालका कालीगण्डकी, रिडी क्षेत्रका दानवीर र सोझा मूलवासी राजाहरूले राजपुत्रका सन्तानहरू रहेछौ, बाबुसाहेब हौ अब हाम्रो राजा बन भनेर राजगद्दीमा बसाए । आफ्नो राजगद्दी सुम्पेका मूलवासी राजाहरूले भव्य स्वागत, भोज, बाजागाजा, राजकीय सम्मान सहित उनीहरूलाई राजा घोषित गरे । पछि भूपालका दुई सन्तानमध्ये हरिहर सिंह ढोडमा गए र त्यहाँबाट भिरकोट, सतहुँ र गह्रौं राज्यलाई कब्जामा लिए ।

अर्कोतर्फ नेपालका शाहवंशीय राजाहरूको आदि पुर्खा जयन खान रहेको प्रमाण भेटिन्छ । खान्चा र मिचा खान शाहवंशका पुर्खा हुन् भनिन्छ । मिचा खानले पहिले नुवाकोट (स्याङ्जा) मा गएर राज्य गरेका थिए । उनका सन्तान कुलमण्डन खानले दिल्लीका बादशाहबाट ‘शाह’ पदवी लिएका थिए । उनको पालादेखि खान राजवंशले नामको पछाडि शाह जोडेका थिए ।

शाहवंशीय राजाहरूले नेपालमा राजवंशको रूपमा आफूलाई स्थापित गर्ने कार्य मूलत: गण्डक क्षेत्रमा गरे । कास्कीमा आफूलाई प्रभावकारी राज खानदानको रूपमा स्थापित गरिसकेपछि त्यसबाट अत्यन्तै प्रभावित बनेका लमजुङेहरूले आफ्नो राज्यमा राजाको रिक्तता पूरा गर्न कास्कीका राजा कुलमण्डन खान (शाह)का छोरा यशोब्रह्म शाहलाई मागी आफ्नो राज्यको राजा बनाएका थिए । यसरी शाह वंश खान अर्थात् मुस्लिम वंश रहेको प्रमाणित हुन्छ ।

मुस्लिम शासकहरूको आक्रमणबाट ज्यान जोगाउन नेपाल पसेका उनीहरूले नेपाल भूमिमा करिब डेढ दशक शासन गरे । नेपाल एकीकरणको सुरुवात गोर्खाली राजा पृथ्वीनारायणले गरे । पृथ्वीनारायणको राज्य एकीकरण र विस्तार अगावै वर्णव्यवस्था भित्रिएको भएतापनि नेपालमा क्रूर र अमानवीय जात व्यवस्था, छुवाछूत प्रथा, सती प्रथालाई संस्थागत गर्ने शाहवंशको सबैभन्दा महत्वपूर्ण योगदान छ ।

राजाको जेठो छोरो राजा हुने सामन्ती परम्पराको पुन: निरन्तरता अब स्वीकार्य हुनै सक्दैन । अबको दायित्व शाहवंशका राजाहरूले ध्वस्त पारेका राजनीतिक, सामाजिक संरचना र पद्धतिको पुन:निर्माण एवं समायोजन गरी समानता, न्याय, बराबरी, विधिको शासन स्थापित र संस्थागत गर्न जरूरी छ ।

नेपालमा लोकतन्त्रको भविष्यबारे चिन्तन र चिन्ता गरिन्छ । नागरिक (जनता होइन) ले स्वतन्त्र, भयरहित, नि:स्वार्थ ढंगले आफ्नो मतदानद्वारा जनप्रतिनिधि चुन्न पाउनु र चुन्नु लोकतन्त्रको भविष्य सुनिश्चित गर्न पर्याप्त छ ।

जनताको सामूहिक र बहुपक्षीय सहमति, बृहत्तर सहभागिताबाट गरिने निर्णय नै सर्वहितकारी हुन्छ । दक्षिण भारतीय कतिपय चलचित्रका नायकको जस्तो एक्लै सयौं आधुनिक हतियारधारी र संगठित खलनायकहरूलाई सखाप पारेका काल्पनिक वा सत्यमा असम्भव तर दृश्यमा देखाइए जस्तो नायकको व्यापक खोजीमा धार्मिक अतिवादी तथा पूर्व दरबारिया शक्ति लागेका देखिन्छन् ।

त्यस्तो नायकको खोजी वा उपस्थितिले लोकतन्त्र, गणतन्त्र, विधिको शासन मुलुकको वर्तमान संविधान मात्रै होइन देशको समग्र भविष्यमाथि संकट आइपर्छ । विकास, उन्नति र समृद्धिको बाधक नायकको खोजी गर्न छाडेर मुलुक बनाउन सामूहिक, समावेशी, प्रगतिशील र लोकतान्त्रिक शक्ति निर्माण गर्न लागौं ।

लोकतन्त्रमा दल वा दलका नेता दुवैको विकल्प खोज्न सकिन्छ । दलपति, गुट, एकल जातिवादी सत्ता, भालेवादको अक्षमतालाई ढाकछोप गर्न विश्वकै सर्वोत्तम व्यवस्था लोकतन्त्रको अन्त्येष्टि गर्ने प्रयास सफल बन्न दिनुहुँदैन । लोकतन्त्र मासिए हाम्रो अधिकार, नागरिक सर्वोच्चता, विधिको शासन केही जोगिन सम्भव छैन । बेलैमा सचेत बनौं ।

*(साभार: अनलाइनखबर)*

# आउनै लागेको ‘प्रियतावादी’ विनाश

क्रिस प्याटेन

आइरिस लेखक पाउल लिन्चलाई उनको उपन्यास ‘प्रोफेट सङ’ का लागि अंग्रेजी भाषाको साहित्यका लागि दिइने प्रख्यात पुरस्कार ‘बुकर प्राइज’ यो वर्ष प्रदान गरियो । आएरल्यान्ड अधिनायकवादतर्फ उन्मुख रहेको दु:खद परिदृश्यको लिन्चको पुस्तकले सामयिक राजनीतिक चिन्ताको सही चित्रण गरेको छ ।

यसबाट सवै समालोचक भने प्रभावित भएका थिएनन् । एकजना समीक्षकले त यसलाई ‘पँखेटा फडफडाएको टर्की’जस्तो पुस्तक र लिन्चको अर्वेलियन विषय र गद्य भएको पुस्तक भन्दै आलोचना गरेका छन् । तर अधिकांश समीक्षाहरू पुस्तकका पक्षमा छन् । तिनले संसदीय लोकतन्त्रको भविष्यका सम्बन्धमा पश्चिम युरोप र अन्यत्र पनि बढ्दो चिन्ताको चित्रण गरिएको भन्दै प्रशंसा गरेका छन् । एउटा मुलुक अधिनायकवादी शासनतर्फ खस्किँदै गएको चित्रणले हालै विजयी भएका नेदरल्यान्डका ग्रिट विल्डर, हंगेरीका प्रधानमन्त्री भिक्टर अर्बान र फ्रान्सकी मरिन ल पेनजस्ता चरम दक्षिणपन्थी नेताहरूको प्रतिविम्ब देखिन्छ ।

डच आम निर्वाचनमा विल्डरको छक्क पार्ने जितले युरोपभर चरम दक्षिणपन्थी दलहरूप्रति बढ्दो समर्थनलाई स्पष्ट पारेको छ । दुई दशकभन्दा बढी समयसम्म उनी निरन्तर मुलुकको मुस्लिम समुदायप्रति लक्षित गरेर नेदरल्यान्डको आप्रवास नीतिको मुखर आलोचक थिए । उनको महत्त्वपूर्ण स्थानमा उदय मूलत: आजको पहिचानको राजनीति र लोकप्रियतावादी (पपुलिस्ट) आन्दोलनहरूको सरल समाधानको कारण भएको देखिन्छ ।

उदार लोकतन्त्र समर्थक पहिलेदेखि नै पहिचानवादी राजनीतिको प्रभावबाट चिन्तित छन् । व्यक्तिको पारिवारिक, जातीय, धार्मिक, राष्ट्रियताजस्ता विभिन्न पहिचान हुनु स्वाभाविकै हो तर उदार लोकतन्त्रका सिद्धान्तहरू यस्ता आबद्धताभन्दा धेरै परसम्म पुग्छन् । विभिन्नता बहुलवादी समाजको व्यवस्थापनजस्तो जटिल कार्यका लागि निर्वाचित बहुमतभन्दा बढी आवश्यक छ भन्ने मान्यता उदार लोकतन्त्रको केन्द्रमा हुन्छ ।

इतिहासमा सिसेरो, एलेक्सिस द टोक्वेभिल्ले, एडमन्ड बर्कजस्ता राजनीतिक चिन्तकहरूले अल्पमतको हितको रक्षाका लागि बहुमतको धारणामा नियन्त्रण र सन्तुलनको आवश्यकता रहेको विचार राख्दै आएका छन् जुन उदार लोकतन्त्रको एउटा स्तम्भ हो । यसविपरीत आजका अनुदार लोकतन्त्रहरूमा भने सत्तारुढ दलले राज्यका स्वतन्त्र निकायहरूलाई कब्जा गरी प्रणाली ध्वस्त पारेर पङ्गु बनाएपछि आफूले कहिल्यै नहार्ने गरसुनिश्चित गरेपछि मात्र नागरिकलाई मत दिन दिइन्छ ।

यसको तात्पर्य पहिचानको कुनै अर्थ छैन भन्ने होइन । म अंग्रेज हुँ र बेलायतको राहदानी छ तर मेरा बूढाहजुरबा आइरिस थिए । मेरो आस्था रोमन क्याथोलिक हो र राजनीतिक रूपमा म पुरातन शैलीमा आफूलाई मध्यदक्षिणपन्थी टोरी ठान्छु । म आफूलाई युरोपेली र अन्तर्राष्ट्रियतावादी मान्छु । महत्वपूर्ण कुरा परिवार मेरो वैयक्तिक पहिचानको जग हो ।

मेरो पहिचानका प्रत्येक पक्षमा मैलै अपनाएको मूल्यमान्यता जोडिएका छन् । मेरो सहनशीलता र संयम, विधिको शासन एवं संसदीय लोकतन्त्रमा दृढ विश्वास छ । म पोप फ्रान्सिसको धारणा चर्चहरूले व्यक्तिले कसरी जिउनुपर्छ भनेर निर्देश गर्नु हुँदैन भन्ने दृष्टिकोणप्रति सहानुभूति राख्छु । बरू, अस्पतालले जसरी नै चर्चहरूले पनि जीवनका खराबीहरूबाट मुक्ति पाउन हामीले के गर्नसक्छौं त्यसमा सघाउनुपर्छ ।

यसबाहेक म जटिल समस्याहरूमा सरल समाधान दिनेहरूप्रति सशङ्कित रहने गरेको छु । यही संशयले मैले ब्रेक्जिटको विरोध गरेको हुँ । अन्तत: युरोपियन यसनियनबाट बाहिर निस्केपछि बेलायती जनताले आफ्नो सार्वभौमसत्ता तथा राष्ट्र तथा व्यक्तिको भविष्यमा नियन्त्रण पुन: हासिल गर्न सकिन्छ भन्ने मान्यता झुटमा आधारित भ्रम साबित हुनपुग्यो । यसैगरी ब्रेक्जिटपछि विश्वमा बेलायतको कद पुन: उचा हुनेछ भन्ने वाचा पनि नराम्ररी भ्रममा परिणत भयो । र उल्टै आप्रवासन नियन्त्रणमा युरोपेली युनियन छाडेपछि प्रतिकूल प्रभाव परेको छ ।

ऐतिहासिकरूपमा, आप्रवासन अधिनायकवादी प्रियतावादका लागि उत्प्रेरक हुनेगरेको छ । विगतमा यसले यहुदी समुदायमाथि व्यापक दमन गरायो भने अहिले मुसलमान जनसंख्याप्रति वैरभाव बढाएको छ । नेदरल्यान्डमा हंगरी र फ्रान्समा विदेशीप्रतिको घृणा र इस्लामभय उग्रराष्ट्रवादको उदय र उदार मूल्यहरूको क्षय गराउने शक्ति बनेका छन् ।

सरकारहरू आप्रवासनप्रति सामान्य र तर्कसम्मत प्रतिक्रिया जनाउन वा सीमाको प्रभावकारी व्यवस्थापन गर्न विफल भएपछि प्रियतावादी अधिनायकवादको आकर्षण बढ्न थाल्छ । तर, आर्थिक तनावका बेला खासगरी लोकतान्त्रिक सरकारहरूले जीवनस्तरमा सुधार गर्न सकेनन् भने यो झन् चर्को खतरा बन्नसक्छ ।

संसदीय लोकतन्त्रमा अधिनायकवादी शासनमा भन्दा बढी परिष्कृत नेतृत्व आवश्यक हुन्छ । लोकतान्त्रिक नेताले जटिल मामिलाहरू सस्ता नारा लगाएर वा पूर्वाग्रह राखेर किन समाधान हुनसक्तैनन् भन्ने बुझाउन सक्नुपर्छ । यही कारणले लोकतन्त्र राम्ररी चलेका अवस्थामा अरू कुनै पनि प्रकारको शासन पद्धितमा भन्दा जीवनस्तर उच्च हुन्छ ।

चीनजस्तो अधिनायकवादी शासनमा शासकको चाहना कार्यान्वयन गर्न सजिलो त देखिन्छ तर यस अवधारणाले प्रायश: आर्थिक न्यून हुन्छ भने राजनीतिक वैधता पनि घटाउँछ भन्ने उदाहरण चीनको हालको आर्थिक सङ्कट हो । जासुसीको शासनले असन्तोष दमन गर्न र स्वतन्त्र अभिव्यक्ति निषेध गर्न त सक्छ तर यस्ता उपाय लामो समयसम्म दिगो हुँदैनन् र भयावह दुष्परिणामका कारक बन्ने गरेका छन् ।

आजको चीनमा सरकारले सन् १९७९ मा हजारौं विद्यार्थीहरू मारिएका तियानमेन स्क्वायरको नरसंहारको कुनै पनि प्रकारको सम्झनालाई सक्रियतापूर्वक मेटाइन्छ । इतिहास मेटाउने यस्ता प्रयासहरू हुँदाहुँदै पनि यी घटनाको स्मरण भई नै रहन्छन् । टल्सटोयले सिकाएजस्तै असन्तोष दबाउन गरिएको प्रयत्नले कहिलेकहीं विद्रोहको आँधीबेहरी ल्याएर अधिनायकवादी नेताहरू र संस्थालाई बढारेर लान सक्छ ।

गतिशील कल्पनाशीलतायुक्त लिन्चको बुकर प्राइज जित्ने उपन्यासले राजनीतिक प्रियतावाद र अधिनायकवादले अन्त्यमा ल्याउने अस्तव्यस्ता र कठिनाइको सम्झना तीव्र गराउँछ । तपाईंले त्यो पुस्तक किन्ने विचार गर्नुभएको छ पढ्न चाहिँ बिदाको याम सकिएपछि मात्र पढ्ने हो कि ? यो महत्त्वपूर्ण पुस्तक त हो तर आनन्द र रमाइलो गर्न भने प्रेरित गर्दैन ।

*(साभार: बाह्रखरी)*

# एमालेले पछ्याएको निराश पहाडी जनतन्त्र

काठमाडौं/नेकपा एमालेले बैतडीको झुलाघाटबाट सुरु गरेको पुष्पलाल मध्यपहाडी लोकमार्ग केन्द्रित संकल्प यात्रा मंगलबारदेखि कोशी प्रदेश प्रवेश गरेको छ ।

मंगलबार हर्कपुर पुगेर एमाले बागमती प्रदेशका अध्यक्ष कैलाश ढुंगेलले कोशी प्रदेशका अध्यक्ष घनश्याम खतिवडालाई झण्डा बुझाएसँगै संकल्प यात्रा (क्याराभान) समापन नजिक पनि पुगेको छ । अब तीन दिनपछि २९ मंसिरमा पाँचथरको चिवाभञ्ज्याङ पुगेर संकल्प यात्रा सकिनेछ ।

पार्टी अध्यक्ष केपी शर्मा ओली आफैंले नेतृत्व गरिरहेको यात्राको सन्देश केन्द्रीय मुख्यालयबाटै (५ पुसमा) सार्वजनिक गर्ने एमालेको तयारी छ । 'कति उपलब्धि भयो, के सन्देश दियौं भन्ने कुरा हामी केन्द्रीय कार्यालयबाट सार्वजनिक गर्छौं' उपमहासचिव पृथ्वीसुब्बा गुरुङ भन्छन्, 'यात्रा सोचे भन्दा र म्रो भएको छ, जनताको अपार साथ पाएका छौं ।'

एमालेका अरू नेताहरुले पनि दिनहुँजसो सामाजिक सञ्जालमार्फत् यात्रामा जनताको साथ पाइरहेको बताइरहेका छन् । सभामा उपस्थित सहभागी, अन्तर क्रिया र अध्यक्ष ओलीले गरेको अवलोकनका तस्वीर सार्वजनिक गर्न एमाले नेताहरुबीच प्रतिस्पर्धा नै देखिएको छ । 'यात्रामा सहभागी नेताहरू उत्साहित हुनुमा जनताले दिएको साथ हो । जहाँ गयो, त्यही जनसागर छ', पोलिटब्यूरो सदस्य पार्वत गुरुङ भन्छन् ।

सबै सभा र अन्तर क्रियामा आफैं सम्बोधन गरिरहेका ओलीले भने यात्राभर एउटै निष्कर्ष भनिरहेका छन्- एमाले निर्विकल्प शक्ति हो । तर देशीविदेशी शक्ति लागेर आफूलाई प्रधानमन्त्रीबाट हटाएपछि विकासको काम ठप्प भएको निष्कर्ष सुनाइरहेका छन् । 'देशभक्त पार्टी, सुशासनप्रेमी पार्टी, शान्तिप्रेमी पार्टी, विकासप्रेमी पार्टी, जनताको समस्या हेर्ने पार्टी (एमाले) को एकल बहुमतको सरकार नभई देशलाई स्थायी ढंगले बढाउन सकिँदैन', हरेक भाषणमा ओलीले भनिरहेका छन् ।

गत वर्षको चुनावमा अपेक्षित नतिजा नआएकाले अर्को चुनाव (२०८४ को आमचुनाव) केन्द्रित अभियानकै निरन्तरतामा संकल्प यात्रा निस्किएकाले अध्यक्ष ओलीको अभिव्यक्ति र निष्कर्ष स्वभाविक/राजनीतिक नै हो ।

तर १४ मंसिरमा झुलाघाट पुग्नुअघि एमालेका अरू नेताहरुले गरेको तर्क अनुसार भने यात्राको उद्देश्य एमालेबारे जनतालाई बुझाउनु मात्रै होइन । व्यवस्था र संविधानविरोधी गतिविधिलाई निरुत्साहित गर्नु, राष्ट्रिय एकता थप मजबुत बनाउन, नागरिक निराशालाई उत्साहमा बदलनु र पहाडी क्षेत्रको विकासमा जोड दिनु यात्राको उद्देश्य हो ।

गत वर्ष सम्पन्न चुनावको नतिजा हेर्दा पनि एमालेको मत बढाउनुलाई मात्रै चाहिँ मध्यपहाडी क्षेत्रमा एमालेले यति धेरै दुःख गर्नु आवश्यक देखिँदैन । किनकि एमाले हिँडेको मध्यपहाडी लोकमार्गले छुने जिल्लाहरुमा एमालेको जग बलियो छ । पाँच दलीय गठबन्धनबाट साझा उम्मेदवार हुँदा एमालेले प्रत्यक्षतर्फ राम्रो नतिजा ल्याउन नसकेपनि झुलाघाटदेखि चिवाभञ्ज्याङसम्मको २५ मध्ये १६ जिल्लामा एमाले पहिलो शक्ति हो । समानुपातिक तर्फको मतलाई आधार मान्दा मध्यपहाडी लोकमार्ग रहेको कोशीका सबै जिल्लामा (पाँचथर, तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङ, ओखलढुंगा र उदयपुर) एमाले पहिलो शक्ति हो ।



सिन्धुली, सिन्धुपाल्चोक, धादिङ र काभ्रेसहित बागमती पश्चिमका लमजुङ, कास्की, पर्वत, दैलेख र बैतडीमा एमाले पहिलो छ । नुवाकोट, बाग्लुङ, जाजरकोट, अछाम, डोटी र डडेलधुरा गरी ६ जिल्लामा कांग्रेस र तीन जिल्ला (गोरखा, पूर्वी रुकुम र पश्चिम रुकुम) मा माओवादी केन्द्र पहिलो छ ।

प्रत्यक्षतर्फ भने यो क्षेत्रमा एमालेले ३६ मध्ये १० सिट जितेको छ । नयाँ राजनीतिक शक्ति र स्वतन्त्रहरुको प्रभाव कमजोर रहेको यी क्षेत्रमा गठबन्धनविरुद्ध एमालेले जित्नु सजिलो थिएन । त्यसैले यो यात्रालाई आफ्नो आधार क्षेत्र सुर क्षित गर्ने उद्देश्यका रुपमा पनि व्याख्या गर्न सकिन्छ ।

किनकि शहरी क्षेत्रमा नयाँ दलहरुप्रति आकर्षण देखिएको छ । गत चुनावकै नतिजाले पनि राजधानीसहित झापा, मोरङ, चितवन जस्ता शहरी क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले अप्रत्यासित मत पाएको छ । मधेशमा जनमत पार्टी र पश्चिम तराईमा नागरिक उन्मुक्ति पार्टीको आकर्षण छ ।

'मत बढाउन यति दुःख गर्नै पर्दैन । मध्यपहाड हाम्रो बलियो संगठन भएकै क्षेत्र हो' यात्रामा रहेका एक नेता भन्छन्, 'हामीले दिने सन्देश रित्तिदै गएको पहाडमा जीवन भर्ने हो, युवाहरुलाई गाउँ फर्काउने हो । भाषण सुनेर मात्रै यात्राको मूल्यांकन गर्नु हुँदैन ।'

### गुमेको वैभव

पोलिटब्यूरो सदस्य विशाल भट्टराई पनि पहाडी क्षेत्रको मुख्य समस्या नै निरन्तर घट्दो जनसंख्या भएकाले संकल्प यात्रा अर्थपूर्ण र हेको बताउँछन् । 'पहाडमा केही हुँदैन, देशमै केही हुँदैन भन्ने भाष्य स्थापित गर्न खोजिँदैछ । तर पहाडमा थुप्रै कुरा गर्न सकिन्छ, समृद्धि संभव छ', उनी भन्छन् ।

जनमत बलियो रहेको क्षेत्रबारे एमाले नेताहरुले चिन्तासहित संकल्प यात्रा गरेपनि पहाडी क्षेत्रको बदलिदो चित्रबारे भने धेरैको बुझाइमा समानता देखिन्छ । विशेषगरी पहाडको वैभव उजाडिएकोमा उनीहरु चिन्तित छन् ।

हुनपनि २०६४ सालको पहिलो संविधानसभा चुनाव बाहेक सधैं कांग्रेस-एमाले प्रतिस्पर्धी रहने पहाडको वैभव यति बलशाली थियो कि त्यसबारे बुझ्न नेपाल एकीकरण सम्मै पुग्नुपर्छ । गोरखाका राजा पृथ्वीनारायण शाहले थालेको एकीकरण अभियानदेखि निरन्तर पहाडले मुलुकको नेतृत्व गर्दै आएको छ ।

छिमेक भारतसहित दक्षिणी तराई-मधेशसम्म उपनिवेश चलाएका ब्रिटिस शासकविरुद्ध पहाडी भू-भागकै साहरामा सशस्त्र संघर्ष चलेको वृतान्त इतिहासका अनेक पुस्तकमा उल्लेख छ ।

राजा-राणा शासन अवधिमा मुलुकको चिनारी, संस्कृति र शासन प्रणाली पहाड आधारित नै भयो । राणा-राजाविरुद्ध विद्रोहको नेतृत्व गर्ने अधिकांश नेता पहाडकै थिए । प्रजातन्त्रका निम्ति प्राणको आहुती दिने दशरथ चन्द बैतडी र गंगालाल श्रेष्ठ रामेछामका थिए । अरु दुई शहीद शुक्रराज शास्त्री र धर्मभक्त माथेमा काठमाडौंका थिए । चार शहीदसँगै विद्रोहमा लागेका टंकप्रसाद आचार्य नवलपरासीका थिए ।

जहानीया राणा शासन अन्त्य गर्ने विद्रोहको नेतृत्व शक्ति नेपाली कांग्रेसका संस्थापक बीपी कोइराला र उनका दुई दाजुभाइ (मातृका र गिरिजा) का पुर्खौली सिन्धुली थियो । राणाशासनविरुद्ध सशस्त्र विद्रोहको नेतृत्व गर्ने थीर बम मल्ल, केआई सिंह, जीबी याक्थुम्बा, नारदमुनि थुलुङ, रामप्रसाद राईहरु पहाडकै थिए ।

कांग्रेसको स्वतन्त्रता आन्दोलनले नपुग्ने भनेर समानताको सपनासहित कम्युनिष्ट पार्टी स्थापना गर्ने पुष्पलाल रामेछामका थिए । २०२८ को झापा विद्रोह अथवा २०५२ सालदेखि दश वर्ष चलेको माओवादी सशस्त्र विद्रोहको नेतृत्व पंक्तिमा पहाडी नेताहरू थिए । प्रचण्ड-बाबुराम सहितको नेतृत्वमा चलेको माओवादी विद्रोहको आधार क्षेत्र रुकुम, रोल्पा, गोरखा जस्ता पहाडी र उच्च पहाडी जिल्ला थियो ।

यसरी ठूला विद्रोह र शासनको आधार क्षेत्र पहाड थियो । पहाडको शासन शासनले अन्यायमा परेको भनेर वेदानन्द झा, गजेन्द्र नारायण सिंह र उपेन्द्र यादवहरुले पटकपटक मधेश आन्दोलन गर्नु परेको छ । कतिसम्म भने बहुदलीय लोकतान्त्रिक शासन प्रणालीमा समेत पहाडकै नेताहरुले तराई-मधेश झरेर चुनाव जितेका छन् । सबैतिर बाट पहाडी पृष्ठभूमिकै व्यक्तिहरु मुलुकको शासन सत्तामा रहने र तदनुरुपकै प्रशासनिक संरचना पनि निर्माण गरिदा क्षेत्रीय विभेदको आवाज मधेशबाट उठेको थियो ।

तर तिनै पहाडको जनसंख्या, अर्थतन्त्र र सामाजिक अवस्थिति अहिले नाजुक र निराशाजनक छ ।

अहिले पहाडी क्षेत्रको अवस्था कुन हालतमा पुगेको छ भन्ने बुझ्न जनगणना प्रतिवेदन-२०७८ पर्याप्त छ । यो प्रतिवेदन अनुसार, पहाड छोड्नेहरुको संख्या डरलाग्दो छ । १७ प्रतिशत मात्रै भूगोल ओगट्ने तराई-मधेशमा बस्ने जनसंख्या ५३.६१ प्रतिशत पुगेको छ । जनगणना-२०६८ भन्दा यो तीन प्रतिशतले बढी हो ।

२०६८ को जनगणनाले ६८ प्रतिशत भूगोलमा फैलिएको पहाड क्षेत्रमा ४३.०१ प्रतिशत मानिस बस्ने देखाएको थियो । तर दश वर्षको अवधिमा पहाडको जनसंख्या घटेर ४०.३१ प्रतिशत छ । तुलनात्मक रुपमा हिमाली क्षेत्रको जनसंख्या स्थीर देखिएको छ ।

जनगणना-२०६८ मा ६.७३ प्रतिशत रहेको हिमाली क्षेत्रको जनसंख्या दश वर्षपछि ६.०८ प्रतिशत छ । अर्थात् तराईमा बढेको जनसंख्या त्यहाँको बृद्धिदरका कारणले मात्रै नभएर पहाडमा झरेका हुन् ।

बसाइँ-सराइ सम्बन्धी सार्वजनिक तथ्यले पनि त्यस्तो अनुमान पुष्टि हुन्छ । जनगणना-२०७८ अनुसार, बितेको दश वर्षमा एक जिल्लाबाट अर्को जिल्ला बसाई सर्ने जनसंख्या ३.१ प्रतिशत छ । त्यो भनेको पहाड छोडेर तराई अथवा शहरी क्षेत्र (विदेश समेत) रहेको बुझ्न सकिन्छ ।

यसरी पहाडको जनसंख्या त्यहाँका नागरिक र राजनीतिक नेतृत्वले अनुभव गर्नेगरी घट्दै जानुमा भने रोजगारी, सुविधा र अवसरको खोजी मुख्य कारण हुन् । जनगणनाकै प्रतिवेदनले पनि बसाइँ सर्नुको कारण रोजगारीको अवसर भन्ने जनसंख्या ३०.६ प्रतिशत रहेको देखाउँछ । त्यसबाहेक प्रकोप, अध्ययन, ब्यावसाय, विवाह लगायत कारणले पनि पहाडको आकर्षण थप कमजोर बन्दै गएको छ ।

बसाइँ-सराइसम्बन्धी अर्को तथ्यले पनि नागरिकहरु सुविधाको खोजीमा ठाउँ छोडिरेहेको पुष्टि हुन्छ । तथ्याङ्क अनुसार, बितेको दश वर्षमा १०.८ प्रतिशत मानिस एउटा पालिकाबाट अर्कोमा सरेका छन् । अर्थात् नयाँ बजारका रुपमा विकास भएका ठाउँ नागरिकको रोजाइ छ ।

अर्कातिर देशकै समस्या बनिरहेको विदेश जाने समस्याले पनि पहाडलाई नै धेरै पिरोलेको छ । सरकारी प्रतिवेदनहरुका अनुसार, कुल जनसंख्याको अनुपातमा पहाडबाट धेरै मानिस विदेश गएका छन् ।

जनगणनाकै प्रतिवेदन अनुसार, पहाडबाट विदेश जाने संख्या ९ लाख ९० हजार बढी छ । यो भनेको विदेश जाने कुल संख्याको ४५.२३ प्रतिशत हो । अर्थात् तराई र हिमाली क्षेत्र भन्दा यो उच्च संख्या हो । 'मुख्य कुरा मान्छे नै हो । तर देखिने गरी पहाडमा विकास भएको पनि छ । तर त्यसैलाई कारण देखाएर मान्छेहरुले पहाड छोडिरहेका छन्', पोलिटब्यूरो सदस्य भट्टराई भन्छन् ।

एमालेले संकल्प अभियान सञ्चालन गरेको मध्यपहाडी लोकमार्गमा पर्ने जिल्लाहरु त अधिकांश ऋृणात्मक जनसंख्याको अवस्थामा छन् । जनसंख्या बृद्धिदर बढी ऋृणात्मक रहेको रामेछाम (-१.६७ प्रतिशत), खोटाङ (-१.५६ प्रतिशत), मनाङ (-१.३९ प्रतिशत), भोजपुर (-१.३९ प्रतिशत) र तेह्रथुम (-१.३० प्रतिशत) मध्ये मनाङ बाहेक अरुमा एमाले अभियान पुग्दैछ ।

मध्य पहाडी लोकमार्गमा पर्ने बैतडी, अछाम, सिन्धुपाल्चोक, धनकुटा, गोरखा, बाग्लुङ, लमजुङ, कास्की, ओखलढुंगा, काभ्रे, दैलेख, डोटी, धादिङ, डडेलधुरा र पर्वतको जनसंख्या बृद्धिदर ऋृणात्मक छ । यो लोकमार्गमा पर्ने सुर्खेत, कास्की, मकवानपुर, पश्चिम रुकुम, पूर्वी रुकुम, जाजरकोट र सिन्धुली मात्रै जनसंख्या बृद्धिदर सकारात्मक रहेको जिल्ला हो ।

संयोग, एमालेले संकल्प यात्रा सुरु गरेको बैतडी र सकिने पाँचथर दुवैको जनसांख्यिक प्रतिवेदन निराशाजनक छ । बैतडीको जनसंख्या बृद्धिदर -०.३४ प्रतिशत भने पाँचथरको जनसंख्या -१.०२ प्रतिशत छ । तर यी दुवै जिल्लामा एमालेले जितेको छ ।

यही मध्यपहाडको निराशाजनक तथ्य बदल्ने समेत उद्देश्य लिएर एमालेले यसपटक हिँडेको रुटको निर्माण थालनी भने १६ वर्ष अगाडि भएको थियो । आर्थिक वर्ष २०६४/०६५ सालदेखि सुरु भएको १८७९ किलोमिटर यो लोकमार्गको उद्देश्य नै पहाडको समृद्धि हो । लोकमार्ग केन्द्रित १० वटा आधुनिक शहर निर्माण गर्ने लक्ष्य लिएको सरकारले लगभग ६० वटा बजार (नयाँ/पुराना) को प्रवर्द्धन गर्ने भनिरहेको छ । तर धेरैजसो समय सरकारमै रहेको एमालेले अभियानका क्रममा फेरिपनि आफ्नो नेतृत्वमा सरकार नबने यो मध्यपहाडी लोकमार्गमा समृद्धि नआउने सन्देश दिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# दीपक मनाङ्गेको 'कङ्गारु'मा केदारपछि अर्पण भित्रिए

काठमाडौं/'लाखे' फेम्ड निर्देशक साम्राट बस्नेतको निर्देशन तथा दीपक मनाङ्गेको निर्माणमा बन्न लागेको फिल्म 'कङ्गारु'मा हास्य अभिनेता केदार घिमिरे 'माग्ने बुढा'पछि अर्को मुख्य भूमिकामा अभिनेता अर्पण थापाको प्रवेश भएको छ । थापा र फिल्मको निर्माण पक्षबीच मंगलबार काठमाडौंमा कागजी सम्झौता भएको हो । अर्पणले निर्देशक बस्नेतसँग यसअघि फिल्म 'लाखे'मा पनि काम गरेका थिए ।

सस्पेन्स, थ्रीलर र कमेडी जनरामा निर्माण हुन लागेको फिल्मका लागि अरु कलाकारसँग पनि सम्झौताको चरणमा रहेको निर्देशक बस्नेतले जानकारी दिए । फुलमुन मोसन पिक्चर्स तथा उत्तर गया म्युजिक एन्ड फिल्मसँग आस्याप इन्टरटेन्मेन्टले सहकार्य गरेको फिल्ममा प्रेम थापा, धन बहादुर गुरुङ र लक्ष्मी राई निर्माताको रुपमा छन् । फिल्मको सह-निर्मातामा रोनिश बहादुर बस्नेत छन् ।




लक्ष्मी ज्वेलर्स यूकेले पनि निर्माणमा सहकार्य गरेको फिल्ममा टीका भण्डारी र सन्तोष अधिकारी (अष्ट्रेलिया) कार्यकारी निर्मातामा छन् । फिल्मको प्रोडक्सन डिजाइनरमा भने दीलिप पन्त रहेका छन् । फिल्ममा सीमा गुरुङको कथा लेखन तथा महेश दवाडीको पटकथा छ । निर्देशक बस्नेतले 'कङ्गारु'मा केही फरक कथा भन्न लागेको बताउँदै दर्शकले फरक स्वाद पाउने दाबी गरेका छन् ।

# केवल तामाङको 'मायाका रंगहरु'मा पल अनुबन्धित

काठमाडौं/अभिनेता पल शाहले यतिबेला लगातार फिल्म सम्झौता गरिरहेका छन् । दुई हप्ताअघि फिल्म 'मायावी'को छायांकन भ्याएका उनी आगामी माघ पहिलो साताबाट फिल्म 'पूजार सार्की'मा काम गर्दैछन् । यस वर्षको अन्त्यतिर भने उनी फिल्म 'अवतार'मा काम गर्ने तयारीमा छन् । यसबीच, उनले सोमबार केवल तामाङको निर्माण र निर्देशन रहने फिल्म 'मायाका रंगहरु' सम्झौता गरेका छन् ।

नेपाली र हिन्दी भाषामा निर्माण हुने यो फिलममा पलले 'पूजार सार्की'पछि मात्र काम गर्नेछन् । अर्थात् आगामी फागुन अन्तिमबाट फिल्मको छायांकन हुनेछ । भारतको सिक्किममा फिल्मको ९० प्रतिशत छायांकन हुनेछ भने बाँकी १० प्रतिशत दार्जिलिङ, इलाम र काठमाडौंमा हुने जनाइएको छ । प्रमिस इन्टरटेनमेन्टको ब्यानरमा बन्ने फिल्म प्रेमकथामा आधारित हुने शीर्षकले नै जनाउँछ ।



भद्र भुजेल तथा राम मेहरा मुख्य सहायक निर्देशक रहने फिल्ममा सौरभ लामाको डीओपी, शेखर ज्ञावालीको कथा, तारा प्रकाश लिम्बु, उर्गेन दोङ र दीपक शर्माको संगीत, सुष्मा सोनम र रामजी लामिछानेको कोरियोग्राफी रहनेछ । फिल्मले नेपाल र भारतको पर्यटन प्रर्वद्धनमा टेवा पुग्नुका साथै नेपाल-भारतबीच सांस्कृतिक सम्बन्धलाई अझै मजबुद बनाउने निर्देशक तामाङको विश्वास छ ।

# सूर्यको 'अवतार'मा पल र वर्षाको जोडी

काठमाडौं/'नाइं नभन्नू ल ४'बाट एकसाथ डेब्यू गरेका पल शाह र वर्षा राउतले दोस्रोपटक फिल्ममा सहकार्य गर्ने भएका छन् । 'भैरे' निर्देशक एभरेष्ट सूर्य बोहाराको नयाँ फिल्म 'अवतार'मा उनीहरुको जोडी बाँधिन लागेको हो । पलले सोमबार आफ्नो इन्स्टाग्राम स्टोरीमा सेअर गरेको फिल्मको स्क्रिप्टको तस्वीरमा वर्षाको नाम पनि उल्लेख छ । र, वर्षाले पनि उक्त स्टोरी इन्स्टामा सेअर गरेकी छन् ।

'नाइं नभन्नू ल ४'पछि पल र वर्षाको फिल्म '२ नम्बरी'मा सहकार्य भएको थियो । दुवैले केही प्रतिशत छायांकन समेत गरेका थिए । तर, कोरोनाका कारण जारी लकडाउनका कारण छायांकन रोकियो । पछि पल एक घटनाका कारण जेल चलान भए । यसपछि वर्षाले पनि फिल्म छाडिन् । अब 'अवतार'मा उनीहरुको सहकार्य जुरेको छ । आगामी फागुनबाट फिल्मको छायांकन सुरु हुँदैछ ।



निर्देशक बोहोराकै लेखन रहेको फिल्मलाई विक्रम डि जोशी र हिरल जोशीले संयुक्त रुपमा निर्माण गर्नेछन् । पल र वर्षाका साथै फिल्ममा निर्माता जोशी, सलोन बस्नेत, सुशील सिटौला, बाल कलाकार एवेलिना खडकाको पनि अभिनय रहनेछ । शीर्षकले फिल्म एक्सन प्रधान हुने संकेत गर्छ । 'अवतार' भन्दा अगाडि पलले निर्देशक दिनेश राउतको नयाँ फिल्म 'पूजार सार्की'मा काम गर्नेछन् ।

जेलमुक्त भएपछि पल लगातार फिल्म गर्ने मनस्थितिमा देखिएका छन् । उनले अघिल्लो हप्ता मात्र दीवाकर भट्टराईद्वारा निर्देशित 'मायावी'को छायांकन भ्याइसकेका छन् । त्यस्तै, सोमबार उनले अर्को एक फिल्म सम्झौता गरेको जानकारी प्राप्त छ । अरु केही मेकरहरुसँग पनि उनले निर न्तर छलफल गरिरहेका छन् । अर्को वर्ष पललाई फिल्म छायांकन र रिलिजको चटारो पर्ने देखिन्छ ।

# बजारभरि छन् आयात प्रतिबन्ध लागेका वस्तु

काठमाडौं/नेपाल खुद्रा व्यापार संघले मंसिर महिनाका लागि तीनथरी केराउको खुद्रा बजार मूल्य तोकेको छ । जसअनुसार सेतो केराउको मूल्य प्रतिकिलो १००, हरियो केराउको १४० र सानो केराउको १६० रुपैयाँ छ ।

नेपाली बजारमा अपवाद बाहेक जहाँसुकै बग्रेल्ती र बाह्रै महिना केराउ उपलब्ध छन् । बजारमा केराउको माग र स्वदेशी उत्पादनको तथ्यांक सरकारसँग छैन । तर व्यवसायीहरुका अनुसार बजारमा बाह्रै महिना उपलब्ध केराउ नेपाली उत्पादन नै होइन ।

गएको तिहारमा बजार मा प्रशस्तै मात्रामा छोकडा उपलब्ध भयो । व्यवसायीहरुका अनुसार बजारमा उपलब्ध भएको यस वर्षको छोकडा त झन् अघिल्ला वर्षहरुमा भन्दा उच्च गुणस्तरका थिए । भाइमसलामा प्रशस्तै मात्रामा वितरण भएको छोकडा अहिले पनि खुल्ला किराना बजारमा खरिद गर्न पाइन्छ । तर नेपालमा छोकडा उत्पादन हुँदैन ।

दराज अनलाइनमा प्रतिकिलो ८०० रुपैयाँमा छोकडा उपलब्ध छ । यस्तै, काठमाडौं ग्रोसरी नामक अनलाइन बिक्री केन्द्रले पनि २४० रुपैयाँमा २५० ग्राम छोकडा बिक्री गरिरहेको छ ।

अहिले पनि बजारमा सुपारी र मरिच उपभोक्ताको माग बजोजिम उपलब्ध छ । भाटभटेनी र बिगमार्टजस्ता सुपरमार्केटले प्रतिकिलो एक हजार रुपैयाँमा मरि चको बिक्री गरिरहेका छन् । खुला बजारमा अहिले ३० ग्राम सुपारीको मूल्य ४५ रुपैयाँ पर्छ ।

माथि उल्लेख भएका वस्तु औद्योगिक कच्चा पदार्थको रुपमा उद्योगले मात्रै आयात गर्न पाउनेगरी सरकारले आंशिक प्रतिबन्ध लगाएको छ । उद्योगहरुले आयात गरेर बजारमा बिक्री गर्न पाउँदैनन् । सरकारले बिचौलियाको लहैलहैमा कहिले आयात खोल्ने त कहिले आयात रोक्ने गरिरहेका यी वस्तु अहिले नेपाल आयातमा कानुनी रुपमा भने बर्जित छ ।

### प्रतिबन्धित वस्तु कसरी बजारमा ?

सरकारले २०७५ सालयता तीनपटक सुपारी, केराउ, मरिच र छोकडाको आयात खोल्दै र बन्द गर्दै गरेको छ । पछिल्लो समय २०७८ सालमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले 'सुपारी केराउ, मरिच, पैठारीलाई व्यवस्थित गर्नेसम्बन्धी कार्यविधि २०७८' बनाएर उद्योगको कच्चा पदार्थको रुपमा आयातको बाटो खोलेको थियो ।

त्यसअघि २०७७ चैतमा वाणिज्य विभागले एक आवेदन माग गरेर अन्तिम पटक व्यापारिक प्रयोजनका लागि मात्रै यी वस्तुको परिमाण तोकेर आयात खोलेको थियो । त्यसयता यी वस्तु व्यापारिक फर्मले आयात गर्न पाएका छैनन् ।

बजार अनुगमनका क्रममा वस्तुहरु भेटिएको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले जनाएको छ । विभागका निर्देशक एवं सूचना अधिकारी आनन्द पोखरेलका अनुसार यसरी भेटिएका छोकडा आयात सम्बन्धमा विभागले अहिले अध्यायन गरिरहेको छ । जसअनुसार एक भन्दा धेरै कारोबार तह बनाएर यी वस्तुको आयात भएको पाइएको निर्देशक पोखरेलले बताए ।

'सरकारले व्यापारिक फर्मका लागि आयात प्रतिबन्ध लगाएको वस्तु आयात भएर बजार पुगेको भेटिएको छ,' विभागका प्रवक्तासमेत रहेका पोखरेलले भने, 'हामी केही केसहरुको विस्तृत अध्ययन गरिरहका छौं ।'

अनुसन्धानमा खटिएका अधिकारीहरुका अनुसार कच्चा पदार्थ ल्याउन अनुमति पाएका उद्योगहरुले एउटै नाममा फरक-फरक फर्म दर्ता गरेर फरक फरक तहमा काम गरेको पाइएको छ । यस्तै, कमजोर भन्सार र राजस्व नियमको फाइदा उठाउँदै चोरबाटोबाट ती वस्तु बजारमा भित्रिरहेको आशंका छ ।

*(स्रोत: अनलाइनखबर)*

# सेयर बजार ३६ अंकले बढ्यो

काठमाडौं/सेयर बजारको परिसूचक नेप्से मंगलबार ३६.८६ अंकले बढेको छ । यो वृद्धिपछि नेप्से १९८५ अंकमा कायम भएको छ । परिसूचक बढ्दा कारोबार रकम भने केही घटेको छ । सोमबार ४ अर्ब ८४ करोड रुपैयाँको कारोबार भएकोमा मंगलबार ४ अर्ब ३० करोडमा खुम्चियो । कुल २१४ कम्पनीको मूल्य बढ्दा २४ को घट्यो भने ४ को स्थिर रह्यो ।

यस दिन सबै समूहका सूचक बढेका छन् । होटल तथा पर्यटन समूह सबैभन्दा धेरै ४.३ प्रतिशत बढ्यो । जीवन बीमा, फाइनान्स, जलविद्युत् समूह पनि ३-३ प्रतिशतभन्दा धेरै बढे ।

अंकका आधारमा बैंकिङ २, विकास बैंक ६५, फाइनान्स ५५, होटल तथा पर्यटन २२८, जलविद्युत् ६९, जीवन बीमा ३३३, उत्पादन १२३, माइक्रोफाइनान्स ५३, निर्जीवन बीमा २५६, अन्य ३८ र व्यापार ६० ले अंक बढे ।

धेरै रकमको कारोबार हुनेमा शिवम् सिमेन्ट, सोनापुर सिमेन्ट, रिलायबल नेपाल लाइफ इन्स्योरेन्स, माउन्टेन इनर्जी र सोल्टी होटल क्रमशः अगाडि रहे । बजार बढ्दा पनि सीवाईसी लघुवित्तको ५ र सिंगटी हाइड्रोको ४ प्रतिशत मूल्य घट्यो ।

### यी हुन् धेरै मूल्य बढेका कम्पनी

बोटलर्स नेपाल (बालाजु), धौलागिरि लघुवित्त, नेपाल रिपब्लिक मिडिया, सोनापुर मिनरल्सको मूल्य १० प्रतिशत बढ्यो । मानुसी लघुवित्त, त्रिशुली जलविद्युत्, दोल्ती पावरको मूल्य ९.९ प्रतिशत बढ्यो । मनकामना इन्जिनियरिङ, साधना लघुवित्त, हाथवे इन्भेस्टमेन्टको मूल्य ९ प्रतिशत बढ्यो । शिवम् सिमेन्ट, माउन्टेन इनर्जी, मकर जितुमाया, इमर्जिङ नेपाल, युनाइटेड इदी मर्दीको मूल्य ८ प्रतिशत बढ्यो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### वैदिक नयाँवर्षलाई स्वागत गर्दै सनातन धर्मगुरुहरु

# आजबाट कलियुगको 'नयाँवर्ष'

साझाकुरा संवाददाता

हेटौंडा, २६ मंसिर/ द्वापरयुगको समाप्त भई कलियुग प्रारम्भ भएको ५०८८ वर्ष पूरा भएर आज मंगलबारबाट कलि संवत् ५०८९ सुरु भएको छ । युगहरुमध्ये सबैभन्दा छोटो यो कलियुग आफैंको आयु ४ लाख ३२ हजार वर्ष रहेको छ ।

कलियुगमध्ये अहिलेसम्म जम्मा ५ हजार ८८ वर्ष बितेको छ । अब कलियुगको आयु ४ लाख २६ हजार ९ सय १२ वर्ष बाँकी छ । यो सकिँदा पनि प्रलय भई संसार नाश हुनेछैन । वातावरण परिवर्तन भई सत्ययुग प्रारम्भ हुन्छ । अन्तरिक्षमा अहिले सप्तऋषि मघा नक्षत्रमा छन् । जब एकै समयमा एकैचोटी तिष्यनक्षत्र सूर्य, चन्द्र, बृहस्पति एउटै राशिमा प्रवेश हुन्छ त्यही समयबाट सत्ययुग प्रारम्भ हुन्छ । सप्तऋषिले मघानक्षत्र प्रवेश गरेर पारगर्दा ४ लाख ३२ हजार वर्ष जान्छ ।

वैदिककाल गणनाको सुरु त्रुटिबाट उठाई मुहुर्तादि गणना हुन्छ । बराहमिहिर आदिले आर्यवर्तमा प्रवेश गराएको कालगणना विपला, पलादेखि घडी आदि हुन् भने पाश्चात्य कालगणना सेकेण्ड, मिनेट, घण्टा आदि हुन् । ईरानी मग ब्राह्मणहरुले ईरानतिरबाट ल्याएर फैलाएको अहिले लोकमा चलनचल्तिमा रहेको आर्यभट्ट वराहमिहिरले तयार गरेको यवनी पद्दतीको कालगणना भन्दा वैदिककाल गणना पद्दती फरक छ । कालको सबैभन्दा सानो परिमाणलाई त्रुटि भनिन्छ ।

१ मुहुर्त भनेको चलनचल्तिको सबैले बुझ्ने भाषामा ४८ मिनेट भनिएको हो । १ मुहुर्त भनेको २० कला हो । २ पक्ष भनेको १ चन्द्रमास हो । त्यो चान्द्र उत्तरायण र दक्षिणायन हुन्छ । २ सौर चान्द्र अयनहरुको १ सौर चान्द्र वर्ष हुन्छ । ५ सौर चान्द्र वर्षहरु १ सौर चान्द्र युग हुन्छ । यस्तो कालगणना पद्दति वेदान्त ज्योतिष, व्याकरण अष्टाध्यायी, महाभारत, कौटलिय अर्थशास्त्र, शुश्रुत संहिताहरुमा उल्लेख भएको छ ।

वार्हस्पत्य षष्ठी संवत्सरको र चान्द्रषष्ठी संवत्सर वैदिक पञ्चवर्षात्मक युगको नै अर्को रुप हो । श्रौत-स्मार्त धर्मकर्मका संकल्पहरुमा चान्द्र संवत्सरको नै उल्लेख गर्नुपर्ने वैदिक व्यवस्था छ । वेदान्त ज्योतिषको सिद्धान्तको बीज वेदको मन्त्र संहिता र ब्राह्मण ग्रन्थ हुन् । अथर्ववेदको गोपथ ब्राह्मणमा पनि यो ज्योतिषको गणित छ । मुण्डक्योपनिषद्मा पनि वेदाङ्ग ज्योतिषको क्रमबद्ध उल्लेख छ । वैदिक परम्परामा पाँच-पाँच वर्षका युगहरु छन् । तिनलाई १२-१२ युगको समूहमा समूहिकृत गरेर ती समूहलाई संघयुग भनिन्छ ।

वैदिक वर्षारम्भका दिन तप:शुक्लप्रतिपदा, उत्तरायण, शिशिर ऋतु प्रारम्भ हुन्छ । वैदिक नभ:शुक्लप्रतिपदामा वैदिक सौर चान्द्रको दक्षिणायन प्रारम्भ हुन्छ । वैदिक नववर्ष आरम्भको दिनमा नै तप: मास, वैदिक आर्तव माघमासको पनि आरम्भ हुन्छ । यी कुरा चल्तिका पात्रोमा हुँदैनन् । वैदिक मासहरु तप:-तपस्य, मधु-माधव, शुक्र-शुचि, नभो-नभस्य, इष-ऊर्ज, सह-सहस्य हुन्छन् । वैदिक सहस्य मास समाप्त हुँदा, पूर्ववर्षको संवत्सर पनि त्यसै दिन समाप्त हुन्छ र त्यसैको भोलिपल्टका दिनबाट वैदिक तप:मास, उत्तरायण, शुक्लप्रतिपदा हुन्छ ।

वैदिक बाह्रै मासको शुक्लप्रतिपदाबाट सुरु भई अमावस्यको दिन समाप्त हुन्छ । यसवर्ष चलन चल्तिको २०८० साल मंसिर महिनाको २७ गतेका दिन वैदिक नववर्ष ५०८९ कलि संवत्सर ५०८९ प्रारम्भ भएको छ । द्वापरयुगको समाप्त भई कलियुग प्रारम्भ भएको ५०८८ वर्ष पुरा भएको छ ।

## आश्रमको भवन उद्घाटन गर्न हेटौंडा आउँदै प्रधानमन्त्री प्रचण्ड

साझाकुरा संवाददाता

हेटौंडा, २६ मंसिर/ प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' शनिबार हेटौंडा आउने भएका छन् । हेटौंडा-९, लामसुरेधापस्थित 'मानवसेवा आश्रम' को मुख्य कार्यालयको नवनिर्मित भवन समुद्घाटनका लागि प्रचण्ड हेटौंडा आउने कार्यक्रम तय भएको हो ।

सहयोगापेक्षी सडक आश्रित मानवहरुको आश्रयस्थल 'मानवसेवा आश्रम' को मुख्य कार्यालयको नवनिर्मित भवन उद्घाटनका लागि प्रधानमन्त्री प्रचण्ड आउने मानवसेवा आश्रमका केन्द्रीय अध्यक्ष रामजी अधिकारीले जानकारी दिए । कार्यक्रममा उपप्रधान एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठ, अर्थमन्त्री प्रकाशशरण महतलगायत नेपाल सरकारका मन्त्रीहरु, प्रदेश सरकारका मुख्यमन्त्री र मन्त्रीहरु, स्थानीय तहका जनप्रतिनिधिहरु, नेपाल सरकारका मुख्य सचिव र सचिवहरु, वरिष्ठ कलाकार, समाजसेवी र आश्रमका अभिभावक, शुभेच्छुक र सहयोगीहरुको उपस्थिति रहने अध्यक्ष अधिकारीले बताए ।

बेसहारा, अपाङ्गता भएकाहरुलाई सडकपेटीबाटै उद्दार गरेर खाना, नाना र छानाको व्यवस्था गर्दै नेपाललाई मानवीयताको देश बनाउने लक्ष्यमा समर्पित 'मानवसेवा आश्रम' देशका विभिन्न ठाउँमा भवन निर्माण भइरहेका छन् । ती भवनमध्ये मानवसेवा आश्रमको केन्द्रीय कार्यालयको नवनिर्मित भवन समुद्घाटन हुने उनले बताए । २०७५ सालबाट निर्माण सुरु भएको मानवसेवा आश्रमको भवन निर्माणमा हालसम्म करीब १३ करोड रुपैयाँ खर्च भईसकेको छ । आश्रम करीब दुई विगाहा क्षेत्रफलमा फैलिएको साथै आश्रममा हाल २१५ जनाले सेवा लिईरहेको उनले बताए ।

२०६९ साल भदौ १३ गते स्थापना भई भाडाको घरबाट सञ्चालन गरेको मानवसेवा आश्रमको हाल सातै प्रदेशको १९ जिल्लामा २४ ओटा सेवाकेन्द्र सञ्चालनमा रहेको छ । ७७ जिल्लाबाट सहयोगापेक्षी सडकआश्रित मानवको उद्दार गर्दै आइरहेको मानव सेवा आश्रमका २४ वटा सेवाकेन्द्रबाट हाल १६४२ जनाले सेवा लिईरहेको उनले बताए । अधिकारीले पछिल्लो ११ वर्षमा मानवसेवा आश्रमले ९ हजार ४८ जनाको उद्दार गर्नुका साथै ३ हजार ४१२ जनाको पारिवारीक मिलन र ७८५ जनाको सामुदायिक पुनर्स्थापना गरिएको बताए ।

यसै अविधिमा १ हजार १२८ जनाको आश्रममै निधन भएको समेत अधिकारीले बताए । २०८२ सालभित्र सहयोगापेक्षी सडकआश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माणको लक्ष्य लिएको बताउउँदै उनले यसैवर्ष चितवन, बुटवल, गोर्खा र पोखराको भवन समुद्घाटन हुने जानकारी दिए । सकारात्मक सोच र चिन्तनको विकास गर्ने उद्देश्यले स्थापना भएको एक गैरसरकारी संस्थाले नेपालमा नमूना लायक काम गरिरहेको भन्दै धेरै शुभचिन्तकहरुले सहयोग गरिरहेका छन् ।

## युनिलिभरको साधारणसभा सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, २६ मंसिर/ युनिलिभर नेपाल लिमिटेडको ३० औं वार्षिक साधारणसभा मंगलबार काठमाडौंमा सम्पन्न भएको छ । युनिलिभरले लाभांस प्रतिफल र कर पछिको नाफा १८३.४ करोड पुऱ्याएको छ, जुन गतवर्षको तुलनामा १९ प्रतिशतले बढी हुन आउँछ ।

युनिलिभर नेपालका शेयरधनीले यसवर्ष कम्पनीको इतिहासमै सर्वाधिक धेरै लाभाँश पाएका छन् । प्रतिशेयर एक हजार पाँच सय ८० रुपैयाँ नगद लाभांश दिने प्रस्ताव वार्षिक साधारणसभाबाट पारित भएको छ ।

साधारणसभामा युनिलिभर नेपाल लिमिटेडका अध्यक्ष देव बाजपेइले सबै शेयरधनी, नियामक निकाय, कर्मचारीहरु र अन्य सरोकारवालालाई धन्यवाद दिंदै न्यून लगानी, जैविक विविधतामा देखिएको नकारात्मक असर, भूराजनीतिक टकराव, सामाजिक ध्रुवीकरण, र साइबर असुरक्षालाई बढी जोड दिइएको बताए ।

विश्वव्यापी जोखिमहरु केही समयको लागि यसैको वरपर रहने अपेक्षा गरिएको उनले बताए ।

कार्यक्रममा युनिलिभरका प्रबन्धनिर्देशक अम्लान मुखर्जीले कर पश्चात् कम्पनीको खुद नाफा गत वर्षको १५४.२ करोडबाट बढेर यो वर्ष १८३.४ करोड पुगेको बताउँदै यो नाफा बितेको १० वर्षकै सबैभन्दा धेरै भएको बताए ।

युनिलिभर नेपाल लिमिटेडको ८५% शेयर संस्थापक शेयरधनीको रहेको छ भनें बाँकी १५% शेयर सर्वसाधारणको रहेको छ । हेटौंडा-३ बसामाडीमा रहेको युनिलिभरले सावन, सर्फ, क्रिम, लोसन, पेष्ट, स्याम्पु आदि उत्पादन तथा बिक्री गर्दै आएको छ । तीन दसकको ईतिहास बोकेको युनिलिभरले सेयरधनीलाई आकर्षक बोनस दिदै आएको छ ।

## रेफ्रीलाई अभद्र व्यवहार गर्ने खेलाडी र क्लब कारबाहीमा

साझाकुरा संवाददाता

हेटौंडा, २६ मंसिर/ हेटौंडा-५, पिप्लेक्याम्पा रंगशालामा जारी जिल्ला लिग क्वालिफाई फुटबल प्रतियोगितामा रेफ्रीमाथि अभद्र व्यवहार गर्ने खेलाडी र क्लब कारबाहीमा परेको छ ।

मकवानपुर जिल्ला फुटबल संघले रेफ्रीलाई हातपात र अभद्र व्यवहार गर्ने खेलाडी र क्लबलाई कारबाही गरेको हो । सोमबार जिल्ला लिग क्वालिफाइ फुटबल प्रतियोगितामा पञ्चशील र दि रिभाइबल क्लबबीचको खेलमा रेफ्रीमाथि हातपात सहित अभद्र व्यवहार गरिएको भन्दै जिल्ला फुटबल संघले दि रिभाइबल क्लबलाई कारबाही गरेको हो । क्लबका गोलरक्षक, कप्तान, खेलाडी र टिम म्यानेजरलाई ३ वर्षसम्मको प्रतिबन्धको निर्णय गरेको मकवानपुर जिल्ला फुटबल संघले जनाएको छ ।

खेल सकिएर रेफ्री ग्राउन्ड बाहिर निस्कदा दि रिभाइबल क्लबका खेलाडी, अफिसियल सहित टिम मेनेजरले रेफ्रीमाथि हातपात, अभद्र व्यवहार गरेको जिल्ला फुटबल संघले जनाएको छ । संघको मंगलबार बिहान बसेको बैठकले दि रिभाईबल क्लबलाई ३ वर्षको प्रतिबन्ध लगाउने, क्लबका गोलरक्षक तथा कप्तान अनिल लोलाई २ बर्षको प्रतिबन्ध गर्ने, खेलाडी सुनिल खड्गीलाई ३ वर्षको प्रतिबन्ध लगाउने र क्लबका टिम म्यानेजर कृष्णबहादुर ठकुरीलाई ३ वर्षको प्रतिबन्ध लगाउने निर्णय गरेको छ ।

क्लबका अध्यक्ष ओम गुरुङ कृष्णलाई समेत एक वर्षको प्रतिबन्ध लगाइएको संघले जनाएको छ । प्रतिबन्धमा परेको खेलाडी तथा अफिसियल एन्फाद्वारा आयोजित फुटबल प्रतियोगिता र एन्फा रेफ्री आबद्ध प्रतियोगितामा सहभागी हुन नपाईने गरी प्रतिबन्ध गरिएको जिल्ला अध्यक्ष टीकाराम लामाले जानकारी दिए ।

## पालुङलाई २० वर्षपछि पदाधिकारी दिलाउने होडमा कार्की

साझाकुरा संवाददाता

हेटौंडा, २६ मंसिर/ लुम्बिनी प्रदेशको बुटवलमा आगामी २८ मंसिरदेखि पुस २ सम्म नेपाल जेसीजको राष्ट्रिय महाधिवेशन हुँदैछ । जेसीजकर्मीहरुलाई महाधिवेशनको चटारो लागिसकेको छ ।

महाधिवेशनका लागि जेसीजकर्मीहरुले उम्मेदवारी दर्ता गरेर तालिमका लागि जुटेका छन् । उम्मेदवारी दिनेमा एक मकवानपुरका युवा पनि छन् । पालुङ जेसीज बर्ष २०२३ का अध्यक्ष संगम कार्की नेपाल जेसीज वर्ष २०२४ का लागि राष्ट्रिय उपाध्यक्ष पदका उम्मेद्वार रहेका हुन् । पालुङ जेसीजको तर्फबाट वर्ष २००३ मा राष्ट्रिय उपाध्यक्ष पदमा पुरुषोत्तम कार्की भएदेखि हालसम्म पालुङले पदाधिकारी पाउन सकेको थिएन ।

कार्की बुटवलमा हुने महाधिवेशनमा निर्वाचित भए पालुङ जेसीजले २० वर्षपछि राष्ट्रिय पदाधिकारी प्राप्त गर्नेछ । पालुङको साख फर्काउने अभियानमा कार्की होमिएका छन् । उम्मेदवार दर्तापछि आफ्नो धारणा राख्दै कार्कीले जेसीज युवा उद्यमशीलताको लागि एक विश्वविद्यालय भएको बताए । उनले विधिको शासनमा विश्वास गर्ने युवाबीच अनुभव आदानप्रदान सहित क्षमताको विकासमा क्रियाशील जेसीज युवालाई सामाजिक विकासमा समेत सक्रिय गराउने संस्था भएको दाबी गरे ।

मंगलबार बुटवलमा भएको उम्मेद्वार तालिममा सहभागिता जनाउने क्रममा मकवानपुरका कार्कीले जेसीजको आस्था र गरिमालाई उच्च राखेर नेपाल जेसीज र स्थानीय शाखाबीचको सम्वन्धलाई सुमधुर बनाउन आफू प्रतिबद्ध भएको बताए । उनले विभिन्न तालिमको आयोजना गरी युवाको व्यक्तित्व विकासका साथै नेतृत्व क्षमताको विकास र युवा सक्रियतालाई अगाडि बढाउन नेपाल जेसीज क्रियाशील रहेको अवस्थामा २० वर्षपछि पालुङ जेसीजलाई राष्ट्रिय पदाधिकारी प्राप्त गराउन आफ्नो राष्ट्रिय उपाध्यक्ष पदमा उम्मेद्वारी रहेको बताएका छन् ।

थाहा नगरपालिका-३ मा २०४२ सालमा जन्मेका कार्कीले अंग्रेजी र समाजशास्त्रमा स्नातकोत्तर उत्तीर्ण छन् । सामाजिक कार्यमा सक्रिय कार्की नेपाल रेडक्रस सोसाईटी दामन उपशाखा कार्यसमिति सदस्य, हिमालयण ईङ्लिस सेकेन्डरी स्कुलका संयोजक, न्यु भिजन एकेडेमीका संस्थापक, जनकल्याण माविको मानविकी संकाय संयोजक छन् । कार्की जमर्को समूह थाहा नगरपालिकाको अध्यक्ष, एन्टिक नेपाल प्रालिका प्रवन्धक, जनशक्ति कृषक सहकारी संस्था लिमिटेडका लेखा सुपरीवेक्षण समितिका सदस्य, उच्च माध्यमिक शिक्षक संगठनका थाहानगर अध्यक्ष, प्याब्सन थाहानगरका सचिवको जिम्मेवारीमा छन् ।



**पशुपतिनाथका दलित विद्यार्थीलाई शैक्षिक सामग्री** : मकवानपुरको मनहरी गाउँपालिका-४ मसिनेस्थित पशुपतिनाथ माविमा अध्ययन गर्ने २८ जना दलित विद्यार्थीलाई मनहरी गाउँपालिकाले मंगलबार शैक्षिक सामग्री प्रदान गरेको छ । गाउँ कार्यपालिका सदस्य तथा विद्यालय व्यवस्थापन समितिका पूर्वसदस्य मीरा खत्रीले शिशु कक्षादेखि १० कक्षासम्म अध्ययन गर्ने २८ जनालाई शैक्षिक सामग्री हस्तान्तरण गरेकी हुन् । *तस्बिर: साझाकुरा*

## थाहा एक्ससीएम च्यालेन्ज र अल्ट्रा रन आयोजनाको तयारी

साझाकुरा संवाददाता

हेटौंडा, २६ मंसिर/ मकवानपुरको थाहा नगरपालिकाका अधिकांश वडाहरु र इन्द्रसरोवर गाउँपालिकालाई समेत समेटेर थाहा एक्ससीएम च्यालेन्ज र थाहा अल्ट्रा रन प्रतियोगिता आयोजना गरिने भएको छ ।



थाहा नगरपालिकाको शिखर क्लबले अन्तरक्रिया गरी यो प्रस्ताव सार्वजनिक गरेको हो । थाहा अभियन्ता रुपचन्द्र विष्टको जन्मस्थानको चिनारीसहित प्रमुख पर्यटकीयस्थलको परिचय गराउने उद्देश्यले प्रतियोगिताको आयोजना गर्न लागिएको आयोजक शिखर क्लबका अध्यक्ष विश्व अर्यालले जानकारी दिए । थाहानगरमा स्वदेशी तथा विदेशी पर्यटक भित्र्याउने लक्ष्यसहित मकवानपुरकै ठूलो र पहिलो प्रतियोगिताको रुपमा थाहा एक्ससीएम च्यालेन्ज र थाह अल्ट्रा रनको आयोजना गर्ने क्लबका अध्यक्ष अर्यालले जानकारी दिए ।

प्रतियोगिताको लागि क्लबले आधारभूत म्यापिङको काम गरिसकेको जानकारी गराएको छ । करिब ६० किलोमिटर दुरी रहने थाहा एक्ससीएम च्यालेन्ज र थाहा अल्ट्रा रनमा स्थानीय, स्वदेशी तथा विदेशी खेलाडीको सहभागिता रहने अपेक्षा गरिएको छ । कृतिमानी धावक बैकुण्ठ मानन्धरको विशेष उपस्थितिमा भएको कार्यक्रममा थाहा नगरपालिकाका नगरप्रमुख विष्णुबहादुर विष्ट, उपप्रमुख भरत गोपाली, एथ्लेटिक्स परिवारका अध्यक्ष राजन खत्री, प्रो स्पोर्टसका सञ्चालक र विन्द्र थापा, नेपाल साइक्लिङ संघका महासचिव रञ्जनराज भण्डारी, सदस्य देवेन्द्र बस्न्यातलगायतको उपस्थिति थियो ।

कार्यक्रममा कृतिमानी धावक मानन्धरले खेलकुदसँगै यहाँको पर्यटन प्रवर्द्धनमा समेत योगदान पुग्ने कार्यक्रमका लागि सबै पक्ष मिलेर सफल बनाउनुपर्ने धारणा राखे । उनले आफूहरुको तर्फबाट हुन सक्ने सहयोग गर्ने प्रतिवद्धता जनाए । एथ्लेटिकक्स परिवारका अध्यक्ष खत्रीले क्लबको तयारी निकै अघि बढिसकेकोले यस कार्यमा सहयोग सबैबाट भई सफल पार्न अघि सर्नुपर्ने बताए । थाहानगरप्रमुख विष्टले पालिकाको ध्येय नै पर्यटन प्रवर्द्धन गर्ने भएकोले यस किसिमको प्रतियोगितामा सबै पक्ष एकजुट हुनुपर्ने बताए । प्रमुख विष्टले थाहानगर भन्दा बाहिर बस्नेहरुपनि यसका लागि सकारात्मक भई सफल पार्न लाग्नुपर्ने बताए ।


हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्यास ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना